राष्ट्रिय साप्ताहिक
जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्चन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २५, अङ्क– ४, साउन ३१ गते शुक्रबार, २०७६ (16 August, 2019) www.janajibro.com मूल्य रू. १०।–

'विदेशी बैंकमा खाता र पैसा छैन'

विदेशमा सम्पत्ति भए प्रमाणित गर्न पूर्वप्रधानमन्त्री प्रचण्डको चेतावनी

■ जनजिब्रो संवाददाता——

काठमाडौं । सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र उनको परिवारका सदस्यले दुबईमा अकूत सम्पत्ति लुकाएको भनी केही सञ्चार माध्यम र सामाजिक सञ्जालहरूमा चलाइएको प्रचारबाजी पूरै भ्रामक र षड्यन्त्रपूर्ण रहेको भन्दै अध्यक्ष प्रचण्डको निजी सचिवालयले खण्डन गरेको छ ।

पत्नी सीता दाहालको उपचार र आरामका लागि भन्दै गत साता दुबई पुगेका प्रचण्डलाई उनका दिवंगत छोरा प्रकाश दाहालको नाममा दुबईस्थित बैंकमा करोडौं सम्पत्ति रहेकाले त्यसैको व्यवस्थापन गर्न गएको भनी केही अनलाइन मिडियाले समाचार प्रकाशन गरेपछि प्रचण्डका स्वकीय सचिव जोखबहादुर महराले विज्ञप्ति निकालेर त्यसको खण्डन र भर्त्सना गरेका हुन् । यस्तो प्रचारबाजीबाट कत्ति पनि भ्रमित नहुन उनले आम जनसमुदायमा अपिल गरेका छन् ।

प्रचण्डको सचिवालयद्वारा जारी विज्ञप्तिमा जनक्रान्तिका उपलब्धिविरुद्ध प्रतिगामी तत्त्वहरू योजनाबद्ध ढंगले लागिपरेको भन्दै यस्ता अनर्गल प्रचारको पछि नलाग्न अपिल गरिएको छ । सोही विज्ञप्तिको भनिएको छ- 'यतिबेला जनक्रान्तिका उपलब्धिविरुद्ध प्रतिगामी ——क्रमशः अन्तिम पृष्ठमा

स्कुलिङ विभाग टुंगो नलाग्दा सचिवालय बैठक प्रभावित

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को सचिवालय बैठक शुक्रबार ३ बजे बस्ने गरी टुङ्गिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्य प्रतिकूल रहेकाले आज अनौपचारिक रूपमा बैठक बसेको र शुक्रबार पुनः बैठक बस्ने प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिनुभयो ।

सहमति जुट्न नसकेको विषयमा छलफल गर्न प्रधानमन्त्री निवास बालुवाटारमा बस्ने भनिएको बैठक तयारी नपुगेको भन्दै यसअघि दुई पटक स्थगित भएको थियो । नेकपाको स्कुल विभागमा टुङ्गो नलाग्दा बैठक पटकपटक सारिँदै आएको छ ।

उक्त विभागमा प्रवक्ता श्रेष्ठसहित सचिवालय सदस्य झलनाथ खनाल, ईश्वर पोखरेल, स्थायी कमिटी सदस्य घनश्याम भुसाल र वेदुराम भुसाललगायतको दाबी रहेको बताइएको छ । यसअघि साउन १३ गते बैठक बसेको थियो ।

सहिद शुक्रराज शास्त्रीको १२६औं जन्मजयन्ती मनाइयो

ललिपुर । शहीद शुक्रराज शास्त्रीको १२६औं जन्मजयन्ती विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

शहीद स्मारक समितिले पुल्चोकस्थित शास्त्रीको सालिकमा माल्यार्पण गरी प्रजातन्त्र ल्याउन शास्त्रीले पुऱ्याएको योगदानको बारेमा चर्चा गरियो ।

ललितपुर बखुमबहाल निवासी पिता माधवराज जोशी र माता रत्नमाया जोशीका मझला सुपुत्रका रूपमा विसं १९५० भदौ १३ गते जनैपूर्णिमाको दिन भारतको वनारसमा जन्मिनु भएको शास्त्रीलाई बिसं १९९७ माघ १० गते तत्कालीन राणा शासकले टेकुको पचलीमा रहेको खरीको रुखमा झुण्ड्याएर मृत्युदण्ड दिएको थियो ।

नेपाली भाषा, संस्कृति, धर्म र राष्ट्रियताको संरक्षणको निम्ति सदैव वकालत गर्ने क्रममा उनलाई ——क्रमशः अन्तिम पृष्ठमा

नेकपा सचिवालय बैठकसँग तीन अपेक्षा

नेतृत्वले एकतापछि समाजवादको यात्रालाई व्यवहारमै देखाउनुपर्‍यो

◆ नीलकण्ठ तिवारी——

काठमाडौं । कामरेडहरू, समाजवादको सपनामा होइन, हामी विपनाकै यात्रामा छौं अहिले । तर, यसका लागि मुख्य नेताहरूको विचार, निष्ठा र व्यवहार समाजवादी सभ्यता अनुकूलको हुनु पर्दछ ।

आफ्ना लागि समाजवाद होइन कि समाजवादका लागि आफ्नो भूमिका खोज्नुपर्ने स्थिति हो अहिले ।

नेतृत्वको शीर्ष तहले पार्टी एकतापछिको समाजवादको यात्रालाई बोली र आश्वासनमा होइन, व्यवहार र आचरणमा देखाउनु जरुरी छ ।

अब पनि व्यक्तिवादी बन्ने, गुटको अहंकार गरेर अरुलाई निषेध गर्छु भनीठान्ने र अकर्मण्यतामा फसिरहने हो भने जनताको कडा सजाय भोग्नु पर्नेमा कुनै द्विविधा छैन ।

सचिवालय बैठकले यी तीन मुख्य कुरालाई ध्यान दिन सकोस्- १. पार्टी एकताको विशिष्ट परिस्थितिमा प्रस्तावित समाजवादउन्मूख 'जनताको जनवाद' लाई उर्बरा, रसिलो, भरिलो र गर्विलो बनाउन सबैको ध्यान ——क्रमशः अन्तिम पृष्ठमा

त्रिशुलीमा बस दुर्घटना : ३ का मृत्यु, १६ को उद्धार

काठमाडौं । सर्लाहीको सदरमुकाम मलङ्गवाबाट ४५ जना यात्रु बोकेर काठमाडौं आउँदै गरेको बस धादिङको बेनी, रोराङ गाउँपालिका- ३, सलाङघाटबाट त्रिशूली नदीमा खसेको छ । 'सृष्टि डिलक्स' ना ६ ख ७४६९ नम्बरको बस नदीमा खस्दा ३ जनाको मत्यु भएको छ भने १६ यात्रुको उद्धार गरिएको छ ।

दुर्टनामा सर्लाहीको ब्रह्मपुरी गाउँपालिका- ४ का राजनारयाण रौनियार, उनकी श्रीमती शोभा रौनियार ——क्रमशः अन्तिम पृष्ठमा

विस्तारवाद र साम्राज्यवादको शृङ्खलाबद्ध हस्तक्षेप

समय-सन्देश
रामराज रेग्मी

सन् १९९० को जनआन्दोलनको अवधिमा त्यसका सञ्चालकहरूले जनताको सामु गरेको एउटा महत्त्वपूर्ण प्रतिबद्धता राष्ट्रियताको संरक्षण थियो । संसदीय व्यवस्था आएपछि १९५० का सन्धिलगायत विगतका सरकारले गरेका असमान सन्धि-सम्झौताहरू सब खारेज गरिनेछ भनी दलहरूले जनतासमक्ष प्रण गरेका थिए । तर सत्तामा पुगेपछि सत्तासीन दलहरूले वैदेशिक शक्तिकेन्द्रका सामु दह्रो गरी कुरा राख्ने हिम्मत गरेनन् ।

जनआन्दोलनमा सहयोग गरेबापत भारतले नेपाल सरकारसमक्ष उही राजा वीरेन्द्रसँग राखेको जनआन्दोलनकालीन सन्धिको प्रस्ताव राख्यो प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले कूटनीतिक ढङ्गबाट त्यस किसिमको दुर्नियतलाई पन्छाई देशलाई भुटानीकरणबाट त जोगाए, तर प्रधानमन्त्री भएको लगत्तैपछि बिनागृहकार्य भारत भ्रमणमा गएकाले भारतीय सत्ताको जालमा परे । नेपालले साझा नदी, हतियार खरिद र राष्ट्रिय सुरक्षाको सवालमा भारतीय स्वार्थ स्विकार्य पुग्यो ।

संसदीय शासनकालमा नेपाल काङ्ग्रेस मात्र होइन, सत्तामा पुगेका नेकपा (एमाले) र राप्रपाले समेत भारतप्रति बफादारी प्रकट गर्ने र भारतीय शासक गुटको आशीर्वादबाट सत्ता सञ्चालन गर्ने बाटो अवलम्बन गरे ।

नेपालका नदीनाला, खनिजपदार्थ र बजारमा प्रभुत्व जमाई एकतर्फी उपयोग गर्ने भारतीय चाहनालाई ती पार्टीहरूको आत्मसमर्पणवादी नीतिले सघाउ पुऱ्यायो । इन्डियन एयरलाइन्सको विमान अपहरण काण्डपछि भारतले हवाई उडान सुरु गराउनका लागि त्रिभुन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रुहरूको अग्रिम सूची प्राप्त गरी छानबिन गर्ने विमानको प्रवेश सिँढीमा दोस्रो चेकिङ गर्ने र बिनाबर्दीका भारतीय सुरक्षाकर्मीलाई तैनाथ रहन दिने भनी भारतीय पक्षबाट राखेको सर्त पूरा गरिदिए ।

नेपालमा निरङ्कुश पञ्चायती शासनविरुद्ध जनआन्दोलन चलिरहेको मौका छोपी भारतले रातारात नेपालको भूमि मिचेर बनाएको टनकपुर बाँध र जलविद्युत् परियोजनालाई प्रथम निर्वाचित सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भारत भ्रमणमा जाँदा केही युनिट बिजुली पाउने सर्तमा वैधता प्रदान गर्दै सन्धि गरे । तर संसद् छल्ने उद्देश्यले ——क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -**लेनिन**

जनजिब्रो साप्ताहिक
वर्ष- २५, अङ्क- ४, साउन ३१ गते शुक्रबार, २०७६

सम्पादकीय

'स्कुलिङ विभाग' र सत्ताधारी पार्टीको कार्यनीति

सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को शीर्ष तहमा केन्द्रीय नेताहरूको जिम्मेवारी बाँडफाँटको मुद्धा पेचिलो बनेको छ। खासरी, स्कुलिङ विभागको प्रमुख बन्न तत्कालीन एमालेका महासचिव र हालका सचिवालय सदस्य ईश्वर पोखरेल तथा तत्कालीन माओवादी केन्द्रमा उपाध्यक्ष रहिसकेका र हालका सचिवालय सदस्य एवं प्रवक्ता नारायणकाजी श्रेष्ठबीच एकखाले होडबाजी नै चलेपछि जिम्मेवारी बाँडफाँटको मुद्धा झन् पेचिलो बन्न पुगेको हो।

पोखरेल र श्रेष्ठबीचको तानातान केवल व्यक्तिहरूका बीचको शक्तिसंघर्ष वा पदको लडाइँ मात्रै नभएर सो पार्टीको वैचारिक लाइनकै सवालका रूपमा खडा भएकाले परिस्थिति केही जटिल भएको हो। पोखरेलले निरन्तर तत्कालीन एमालेले कार्यनीतिका रूपमा प्रचार गरेको 'जनताको बहुदलीय जनवाद (जबज)' नै वर्तमान नेकपाको कार्यनीति भएको भन्दै प्रचार गरिरहेका छन्। तर, श्रेष्ठले भने तत्कालीन माओवादी र तत्कालीन एमालेका कार्यनीतिहरूको औचित्य सकिइसकेकाले अब समाजवादोन्मूख जनताको जनवाद नै पार्टीको कार्यनीति हुनुपर्ने र एकताका क्रममा त्यही नै तय भैसकेको बताउँदै आएका छन्। अतः पोखरेल र श्रेष्ठबीचको तानातान सैद्धान्तीकृत हुन पुगेको छ।

लाज ढाक्न र जनता ढाँट्न जे-जे कार्यनीति र 'लाइन' हरूको प्रचारबाजी गरिए तापनि संसदवादी पार्टीहरूमा कुनै पनि राजनीतिक लाइन र कार्यनीति नै नभएको कुरा व्यवहारतः स्पष्ट हुँदै आएको छ। केवल आ-आफ्नो अस्तित्व रक्षा र शक्ति सुदृढीकरणका निम्ति भट्याउँदै आइएका ती लाइन र कार्यनीतिहरू राष्ट्र र जनताका निम्ति 'कागलाई बेल' भने झैं मात्र भएको कुरा स्पष्टै छ।

विस्तारवाद...

त्यसलाई सन्धि नभनी समझदारी भने। संसदीय शासनकालमा राष्ट्रप्रमुख र दलका नेताहरू साम्राज्यवाद र विस्तारवादको विरोधमा खरो ढङ्गबाट नउत्रेका होइनन्। टनकपुरको मुद्दालाई लिएर सडक र सदनमा चर्को विरो भयो र सर्वोच्च अदालतमा मुद्दा पनि पऱ्यो। सर्वोच्च अदालतले उक्त कार्यलाई सन्धि नै भनी फैसला गरेपछि सरकार सन्धिलाई संसद्बाट अनुमोदन गराउन बाध्य भयो।

त्यतिखेर मदन भण्डारीले नेतृत्व गरेको नेकपा (एमाले) सन्धि अनुमोदनको पक्षमा थिएन। यही कारणले एमालेका महासचिव मदनकुमार भण्डारी देशी-विदेशीका निम्ति आँखाको कसिङ्गर बने र षडयन्त्रमूलक मारिए।

मदन भण्डारीको हत्यापछि नेकपा (एमाले) को नयाँ नेतृत्वलाई हातमा लिई भारतले टनकपुरको मुद्दाभन्दा पनि अझ बढी राष्ट्रघाती 'महाकाली एकीकृत सन्धि' गरी त्यसलाई नेपालको संसद्बाट पारित गरायो। उक्त सन्धिमा सरकारको पालामा नेपाललाई मर्कामा पारी गरिएको शारदा बाँधसम्बन्धी मिति गुज्रन लागेको सन्धि, नेपालको भूमि मिची निर्माण गरिएको टनकपुर परियोजना र व्यवहारमा लागू हुन नसक्ने महत्वाकाङ्क्षी पञ्चेश्वर परियोजना सबै समेटिए।

नेपालको संविधान २०४७ ले देशको प्रादेशिक अखण्डतामा प्रभाव पार्ने खालका नदीनाला एवं प्राकृतिक स्रोतसाधनसम्बन्धी सन्धिसम्झौता गर्न परेमा संसदको दुई तिहाई बहुमतको प्रावधान राखेको थियो।

कुनै शासकको एकलौटी इच्छाको भरमा देशको सम्पत्ति अरुलाई नसुम्पियोस् र १९५० मा झैं नेपाल असमान सन्धिको चपेटामा नपरोस् भन्ने त्यस प्रावधानको आशय थियो। तर भारतपरस्त पार्टीहरूको मिलेमतोबाट संविधानले बनाएको त्यो दुर्ग तोडियो।

अन्तर्राष्ट्रिय कानुन र प्रचलित मान्यताअनुसार दुई देशबीचको सीमावर्ती क्षेत्रमा एकले अर्कोलाई प्रतिकूल असर पार्ने गरी निर्माणकार्य गर्न पाइन्न।

दुई देशको एकले अर्कालाई प्रतिकूल असर पार्ने गरी निर्माणकार्य गर्न पाइन्न्न। दुई देशको सिमानाको बीच भागबाट ८ किलो मिटरभित्र एकले अर्कालाई जानकारी दिएर स्वीकृति नदिईकन कुनै निर्माण कार्य गर्न पाइन्न। तर भारतले अन्तर्राष्ट्रिय कानु र मान्यता मिचेर पटकपटक नेपालको सीमा क्षेत्रमा एकतर्फी रूपमा बाँध बनाई नेपाली भूमि जलमग्न बनाउने काम गर्दै आएको छ। भारतले बाँके जिल्लाको दक्षिणी भागमा लक्ष्मणपुर ब्यारेजको तटबन्ध बनाएर १८ वटा नेपाली गाउँहरू जलमग्न बनायो जसले गर्दा वर्षाको याममा झण्डै २००० परिवारका १० हजारजति जनताहरू बिचल्लीमा परे।

राजा वीरेन्द्रको हत्यामा पनि वैदेशिक शक्तिको हात रहेको भन्ने शङ्का गरिएको छ। राजाका एक जना निजी सचिवको भनाइअनुसार हतियार राजनीति नै उनको हत्याको कारण थियो। उनले दिएको जानकारीअनुसार नेपालमा माओवादी जनयुद्ध चर्किंदै गएको बेला सरकारले आधुनिक हातहतियार खरिद गर्न चाहेको थियो। त्यस बेलाको नेपाली सेनाले भारतबाट खरिद गरिएको इन्सास राइफल प्रयोग गर्दै आएकोमा त्यो निम्न स्तरको भएकाले त्यति प्रभावकारी हुन सकेको थिएन। अतएव मन्त्रिपरिषद्ले कम मूल्यको तर गुणस्तर उच्च भएको जर्मन हतियार जि-३६ राइफल किन्ने निर्णय गऱ्यो।

यसको आधारमा शाही जङ्गीअड्डा र जर्मनीको निर्माता कम्पनीबीच राइफल खरिद गर्ने सम्झौता भयो। तर भारतले आफ्नो देशमा निर्मित इन्सास राइफल किन्न नेपाललाई कर गऱ्यो। भारतले आफ्नो राइफल किनेमा ७० प्रतिशत अनुदान दिने र खरिदका बखत केवल ३० प्रतिशत मात्र भुक्तानी गरे पुग्ने प्रस्ताव राख्यो। तर हातहतियार परीक्षण कार्यदलले भारतीय राइफल किन्नु र नकिन्नुमा कुनै मतलव नहुने जनाएपछि दरबारले भारतीय हतियारको ठाउँमा जर्मन हतियार किन्न स्वीकृति प्रदान गऱ्यो। यस विषयलाई लिएर नेपालको दरबारसँग भारत निकै क्रुद्ध बन्यो । यसअघि भारतीय प्रभुत्ववादको पञ्जाबाट देशलाई बचाउन नेपाललाई शान्ति क्षेत्र बनाइयोस् भनी राजा वीरेन्द्रले अन्तर्राष्ट्रिय स्तरमा प्रस्ताव राखेका थिए।

धेरै देशले राजाको प्रस्तावप्रति समर्थन जनाउँदा पनि भारतले जनाएन। सन् १९९० को जनआन्दोलनको बेलामा भारतले नेपालको सार्वभौम सत्तामा असर पर्ने खालका सर्तहरू राख्दा राजा वीरेन्द्रले इन्कार गरेका थिए। भारतीय नीति नेपाललाई पहिले भुटान बनाएर सिक्किमीकरणतर्फ बढ्ने हो भन्ने उनले बुझेका थिए।

साम्राज्यवादी र विस्तारवादी शक्तिहरूको उक्साहटमा तिनका मतियारहरूले माओवादीमाथि सेना प्रयोग गरियोस् भन्दा उनी सकभर माओवादीको साम्राज्यवादविरोधी पक्षलाई उपयोग गर्ने र माओवादी समस्यालाई राजनीतिक ढङ्गबाट समाधान गर्ने पक्षमा थिए।

माओवादी र राजा वीरेन्द्रबीच कतिपय सवालमा अघोषित कार्यगत एकता बनेको थियो। यी सबै घटनाक्रमहरू हत्या प्रकरणसँग गाँसिएको हुनुपर्छ भनी कतिपय विश्लेषकहरूको तर्क छ।

यसरी संसदीय शासनकालमा पनि नेपालमा भारतीय प्रभुत्ववादी शासन गुटबाट विगतमा झैं हष्तक्षेप भएको देखिन्छ। भारतका अतिरिक्त नेपालमा अन्य साम्राज्यवादी शक्तिहरूले पनि पाउ जमाएको देखिन्छ। तर बाह्य हस्तक्षेपको चरित्र भने विगतको भन्दा फरक थियो। विगतमा प्रभाव क्षेत्रका निम्ति हस्तक्षेपकारीहरूबीच हानथापको अवस्था थियो।

शक्तिशाली राजतन्त्रात्मक शासनकालमा नै नेपाली भूमिमा भारतीय र अमेरिकी स्वार्थ जुधेका थिए र तीबीच अन्तर्विरोधको अवस्था थियो। तर अब विश्वमा साम्राज्यवादको छिनाझपटीको अवस्था मिलीजुली शोषण गर्ने सहमतिमा फेरिएकाले नेपालमा पनि तिनीहरू आपसी मिलेमतोमै हस्तक्षेप र दमनमा उत्रिए। भारतीय प्रभुत्ववादीसँग सहकार्य गर्दै अन्य साम्राज्यवादी शक्तिहरू नेपाली भूमिमा क्रियाशील रहे।

सन् १९५१ सालको परिवर्तनपछिको दशकमा विदेशी सहायता अनुदानका रूपमा आएको हुनाले नेपालीको थाप्लाले कुनै ऋणको भारी बोक्नुपरेको थिएन। सन् १९६० को दशकको आरम्भदेखि भने विदेशी सहायता ऋणका रूपमा आउन थाल्यो। नेपालमा जेजति साम्राज्यवादी र विस्तारवादी शक्तिले पाउ जमाए, त्यो देशकै निर्धनताका कारणले गर्दा हुन गयो। जेजति शक्ति राष्ट्रहरू पैसाको धोक्रो बोकेर सहयोग गर्न भनी आए तिनले नियत सहयोगको आडमा प्रभुत्व विस्तार गर्ने रह्यो। यद्यपि १९७० को दशकसम्म ऋणअनुदानलाई उछिन्यो।

सरकारहरूले बजेट निर्माण गर्दा आन्तरिक राजस्वको वृद्धिमा भन्दा विदेशी सहयोगमा बढी जोड दिएकाले यस्तो हुन गएको थियो।

पञ्चायती शासनको अन्तिम अवधिमा आइपुग्दा प्रत्येक नेपालीको थाप्लोमा रू. २००० ऋण भार रहेकोमा संसदीय शासनकालको एक दशकमै प्रत्येक नेपालीको थाप्लोमा रू. ७२५० को ऋण भार पर्न गयो।

नेपाली काङ्ग्रेसको शासनकालमा जब नेपाल विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषमाथि आर्थिक सहयोगको निम्ति भर पर्न गयो, तब देश साम्राज्यवादीहरूको संयुक्त शोषण 'भूमण्डलीकरण' को चपेटामा पर्न गयो। नेपालको कमजोरीको फाइदा उठाउँदै साम्राज्यवादी राष्ट्रहरूका साझा शोषण संयन्त्रको रूपमा रहेका विश्व बैङ्क, एसियाली विकास बैङ्क, आइएमएफ जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले ऋण लिने सवालमा सरकारसामु संरचनात्मक समायोजन कार्यक्रम लागू गर्ने सर्त अघि सारे। संरचनात्मक समायोजन कार्यक्रम ऋण असुली सहज होस् भनी अपनाइएको भनिए पनि त्यसको उद्देश्य आफ्नो साझेदारीको रूपमा रहेका बहुराष्ट्रिय निगमहरूलाई कुनै पनि झमेला सहन नपर्ने गरी देशमा लगानी गर्न र मुनाफा आर्जन गर्न स्वतन्त्र वातावरण तयार गराउने थियो। संरचनात्मक समायोजन कार्यक्रमअनुसार यदि ऋण लिने होभ ने सरकारले लगानी गरेका र संरक्षण दिँदै आएका औद्योगिक संस्थानहरूबाट हात झिक्नुपर्थ्यो, उदारीकरण र निजीकरणको नीति अपनाएर बजारलाई स्वतन्त्र प्रतिस्पर्धामा उत्रन दिनुपर्थ्यो र भन्सारको दर कम गरी बहुराष्ट्रिय निगमका मालसामानलाई सहज रूपमा देशभित्र आउन दिनुपर्थ्यो। साँच्चै भन्नुपर्दा, यो कार्यक्रम राष्ट्रिय अर्थतन्त्र ध्वस्त पार्ने खालको थियो।

भन्सारदर कम गरेपछि बहुराष्ट्रिय निगमले उत्पादन गरेका समान नेपालजस्ता विकासोन्मुख देशमा निकै कम मूल्यमा आउने तर तिनका घरेलु उत्पादन भने प्रतिस्पर्धामा टिक्न नसकेर घट्ने हुन जान्थ्यो। भन्सार दर घटेपछि यस्ता देशको आम्दानी घटेर ती निर्धन हुने र आर्थिक सहयोगको निम्ति तिनै दाताराष्ट्रहरू समक्ष हात पसार्नुपर्थ्यो। सरकारले यस्तो राष्ट्रघाती सर्त स्वीकार्नु हुँदैनथ्यो।

तर ऋण हात पार्न तिनको निर्देशनमा सरकारले संरचनात्मक समायोजन कार्यक्रम लागू गर्न मन्जुरी गऱ्यो र निजीकरण र उदारीकरणको नीति अवलम्बन गऱ्यो।

अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको निर्देशनमा देशलाई विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्र बनाइयो। संसदीय सरकारहरूले उद्योग-व्यवसायको निजीकरण मात्र गरेनन्, संरचनात्मक समायोजनको कार्यक्रमअनुसार भन्सार दर घटाई देशलाई बहुराष्ट्रिय निगमका लगानी र मालसामानलाई सुगम तरिकाले प्रवाह हुने बाटो पनि खुला गरिदिए। तिनले स्वेदशी उत्पादनले अन्तर्राष्ट्रिय बजारमा खुला प्रतिस्पर्धा गर्नुपर्छ भन्ने मान्यता अघि सारे, जुन घातक थियो। अल्पविकसित देशको अर्थतन्त्र विकसित देशको अर्थतन्त्रसँग सँगसँगै जान कदापि सक्दैन। पिछडिएको देशको सानो स्केलको उत्पादनमा संलग्न उद्यमी व्यवसायीहरूले विकसित देशको यथेष्ट पुँजी र उन्नत प्रविधि प्रयोग गर्ने उद्यमी व्यवसायीहरूसँग प्रतिस्पर्धा गर्न सक्दैनन्। परन्तु यस तथ्यलाई बेवास्ता गरी ऋण अनुदान लिने लोभमा परेका सरकारहरू निजीकरण र उदारीकरणकै पछि लागी देशलाई बहुराष्ट्रिय निगमका मालसामानको बजार र साम्राज्यवादको आर्थिक उपनिवेशमा परिणत गर्न काममा लागे।

संसदीय शासनकालमा विभिन्न साम्राज्यवादी कम्पनी साझेदार भएका बहुराष्ट्रिय निगमहरूले उद्योगको क्षेत्रमा मात्र होइन कृषिको क्षेत्रमा पनि हस्तक्षेप गरे। तिनले किसानहरूलाई अधिक उत्पादन लिने नाममा आफ्ना उत्पादनका रूपमा रहेका रासायनिक मल, आनुवंशिक इन्जिनियरिङ प्रविधिबाट निर्मित बीउबिजन, कीटनाशक औषधि र नयाँ नौला आधुनिक प्रविधिको प्रयोग गर्न प्रोत्साहित गरे। तिनैको योजनालाई साथ दिँदै विश्वमा उत्पन्न हुने खाद्यसङ्कट र भोकमरी अन्त्य गर्न विश्वखाद्य सङ्गठन जस्ता संस्थाहरूले पनि कृषिमा आनुनिकीकरण र औद्योगीकरणको नाममा यस्ता प्रविधिको सिफारिस गरे। हरितक्रान्तिको नाममा कृषि मनलयदेखि जिल्ला कृषिविकास कार्यालय र अनुसन्धान केन्द्रहरूले यस्तै प्रविधिहरू किसानमाझ प्रचार गरे। तर यो भनेको चारोको लोभ देखाएर माछालाई बल्छी पार्ने जस्तै किसानलाई र उपभोक्तालाई नाफाको निम्ति बरबाद गर्ने खेल थियो। किसानको आम्दानी केही मात्रामा बढे पनि कृषि उत्पादनको मूल्यको ठूलो हिस्सा बहुराष्ट्रिय निगम र तिनका कृषि सामग्री बेच्ने एजेन्टहरूको खल्तीमा गयो। उन्नत भनिने हाइब्रिड बिउबिजनको प्रयोगबाट पुराना परम्परागत बालीका प्रजातिहरू लोप भए र जैविक विविधतामा बाधा पुग्यो। किसानहरू आफूले बिउ राखी बाली उमार्न नसक्ने हुँदा बीउका निम्ति विदेशीका मुख ताक्नुपर्ने अवस्थामा पुगे।

आनुवंशिक इन्जिनियरिङबाट तयार गरिएका बीउ, रासायनिक मल र कीटनाशक औषधिको प्रयोग गरेर उत्पादन गरिएका कृषि उपजमा मानव शरीरका सेल नष्ट गर्ने विषात्त पदार्थ हुने र तिनमा सङ्क्रामक रोगका जीवाणु हुने हुनाले तिनको सेवनबाट मानव स्वास्थ्यमा घातक असर पुग्न थाल्यो। *(नेपालको इतिहास एक मार्क्सवादी दृष्टिकोणबाट)*

सिंहदरबार...

भन्ने पाइयो। प्रचण्ड त्यत्रो युद्धको हिरो। प्रचण्डले ठीक बाटो रोजेको भए संसारले नै मान्ने, नेल्सन मन्डेला भन्दा कता हो कता हिरो हुन्थे। प्रचण्ड केमा फसे, फसे ?

अहिले दुई तिहाइको सरकार छ र यसले चाहने हो भने अझै पनि समाधान छ। त्यो भनेको फेरि पनि अधुरो रहेका बाँकी काम पूरा गर्नु नै हो। द्वन्द्वलाई ठीकसँग समाधान गर्ने हो भने पहिलो कुरा सेना समायोजन हुँदाको त्रुटि सच्याउनु पर्छ। अपमानित भएर जति मान्छे गएका छन्, उनीहरूलाई सम्बोधन गर्नुपर्छ। त्योभन्दा अझ धेरै महत्त्वपूर्ण कुरा आर्थिक सामाजिक रूपान्तर गर्ने भन्ने नै हो। मान्छेले विद्रोह किन गरे भने गरिखाने वर्गको दैलोमा परिवर्तन पुगोस् भनेर नै गरेका हुन्। तर त्यो परिवर्तन त सिंहदरबार वरपर फन्को मारेर बसिराखेको छ। सदरमुकाम भन्दा पर गएको छैन। परिवर्तन अनुभूति हुने काम गर्नुपऱ्यो, जुन कुरा अहिले उनीहरूको चुनावी घोषणापत्रमा नै पनि छ। तत्कालै गरिहाल्नुपर्ने भनेकै इतिहासलाई फर्केर हेर्नुपर्यो र विगतमा जे जे गल्ती कमजोरीहरू भए, तिनलाई पुनरावोलकन गर्नुपर्यो। समय घर्किंदै गएको कारण शुरुमा जति सजिलो थियो, त्यो गर्न त्यति सजिलो छैन। धेरै कठिन हुनसक्छ। कैयौं कुरा असफल पनि हुनसक्छ। तर भूमिसुधार गर्न अझै सम्भव छ। दुई तिहाइको सरकार छ, कसले छेक्ने ? यसमा सबै जनताको समर्थन छ।

आर्थिक क्रान्ति, कृषि क्रान्ति, औद्योगिक क्रमशः अन्तिम पृष्ठमा

'सिंहदरबार बदल्न गएकाहरू आफैं बदलिए'

- विचार-दृष्टिकोण -

श्याम श्रेष्ठ

सामान्यतः युद्धविराम भएर हतियार बिसाइएपछि तथा विद्रोही शक्ति मूलधारको राजनीतिमा आएपछि द्वन्द्वव्यवस्थापन भयो भन्ने सोचाइ छ। त्यही सोचाइमै गल्ती छ। द्वन्द्व व्यवस्थापन कहिल्यै पनि हुँदैन, द्वन्द्व रूपान्तरण मात्रै हुन्छ। अर्थात् द्वन्द्वले रूप फेर्छ, त्यो कहिल्यै समाप्त हुँदैन। समाजमा द्वन्द्व रहिरहन्छ।

द्वन्द्व रूपान्तरण हुन पाँच आयामहरू एकसाथ जोडिन्छन्, जसलाई पूरा गरेपछि उनीहरूको भाषामा द्वन्द्व व्यवस्थापन हुन्छ। पहिलो आयाम हो, हतियार बिसाउने। यो साधारण र सुरुवातको कुरा भयो। नेपालमा यो भइसकेको छ।

दोस्रो आयाम हो राजनीतिक रूपान्तरण। यसको अर्थ पहिलेको व्यवस्था रूपान्तरण भएर नयाँ व्यवस्था आउनु पर्यो। नेपालमा त्यो भयो। संविधानसभाको निर्वाचन भयो। भलै पहिलो संविधानसभा खेर गयो। दोस्रो संविधानसभाले नयाँ संविधान बनायो। त्यहाँसम्म कुरा ठीकै छ। गणतन्त्र आयो, संविधान बन्यो, समावेशिता आयो, मौलिक अधिकारलगायत अरू थुप्रै अधिकारहरू हासिल भए।

तेस्रो आयाम भनेको आर्थिक सामाजिक रूपान्तरण हो। यो पक्ष शान्ति प्रक्रियाको अभिन्न अंग थियो। विडम्बनाको कुरा, यो नेपालमा हुँदै भएन भन्दा पनि हुन्छ। अहिले पनि पहिलेको अर्थतन्त्र जे छ, अर्थात दलाल पुँजीवादी अर्थतन्त्र जस्ताको त्यस्तै छ। गर्नुपर्ने त्यो स्थितिमा रूपान्तरण हो, तर उल्टै परिवर्तनका नेतृत्व गरेका नेताहरू चाहिँ त्यो अनुकूल परिवर्तित भए। त्यही कारण अकी स्वरूपमा द्वन्द्व हुने सम्भावना टड्कारो छ।

चौथो आयाम हो, सेक्युरिटी सेक्टर रिफर्म अर्थात् सुरक्षा क्षेत्रको रूपान्तरण। यसको अर्थ व्यवस्थामा परिवर्तन आइसकेपछि त्यसअनुकूल सेना प्रहरीमा रूपान्तरण हुनुपथ्यो तर त्यो हुँदै भएको छैन।

र, पाँचौं आयाम हो : सङ्क्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याइनु। यसअनुसार गरिनुपर्ने मुख्य काम भनेको जघन्य अपराध गरेकालाई सजाय बाँकीलाई माफी दिनु नै हो। तर यहाँ न त एम्नेस्टी (आम माफी) नै भयो, न त जघन्य अपराध गरेकालाई सजाय।

यसरी द्वन्द्व रूपान्तरणका लागि अनिवार्यतः सम्बोधन गरिनुपर्ने मुख्य पाँच आयामहरूमध्ये दुई पक्षहरूमा मात्रै नेपालमा काम भयो। ती दुई पक्षहरू हुन्: हतियार बिसाउने काम र राजनीतिक रूपान्तरण। बाँकी सम्बोधन गर्नैपर्ने तीनवटा प्रधान आयामहरू त ज्यूँका त्यू बाँकी नै छन्। सम्बोधन नगरिएका वा सम्बोधन हुन नसकेका यी तीनमध्ये हरेक आयामले जतिबेला पनि द्वन्द्व सिर्जना गर्न सक्छ। उदाहरणका लागि, परिवर्तनका मर्मलाई बोकेर आर्थिक सामाजिक रूपान्तरण भएन भने पनि गरिबहरू बढ्छ, बेरोजगारको संख्या बढ्छ। त्यसले नै पनि द्वन्द्व सिर्जना गरिहाल्छ।

त्यसै गरी, सुरक्षा क्षेत्रको रूपान्तरण भएन भने पनि द्वन्द्व बल्झिने सम्भावना रहन्छ। सुरक्षा क्षेत्र, विशेष गरी सेना र प्रहरीको मानसिकता पुरानै हुँदा नयाँ राज्यव्यवस्थालाई पचाउन सक्दैन र उसले नयाँ राज्य व्यवस्थालाई टेर्दैन। फलतः पुरानो मानसिकतामा बाँचेका सुरक्षा क्षेत्र र नयाँ राज्य व्यवस्थाका बीचमा द्वन्द्व हुन्छ। त्यसको सुरुवात रुक्माङ्गत कटुवालदेखि नै भइसकेको छ। त्यसैगरी, सङ्क्रमणकालीन न्याय पूरा भएन भने पनि द्वन्द्वको सम्भावना हुन्छ।

नेपालमा सङ्क्रमणकालीन न्यायअन्तर्गत चारवटा मुख्य कुरा आउँछन्। पहिलो, द्वन्द्वकालमा जसले हातहतियार उठाएका थिए, मान्छे मारेका थिए, अपहरण गरेका थिए अथवा कसैको कोही मरेको थियो, परिवारका विजोक भएको थियो। त्यो आलो घाउ बाँकी छ। आलो घाउमा मलम लगाउने कुरा एउटा हो। त्यस दौरानमा कतिपय अवस्थामा मान्छे नै मार्नुपर्ने जस्तो ठूला अपराध हुनुपर्ने कारण थिएन। तर मान्छे मारियो। त्यसमा दण्ड दिएर नयायको अनुभूत गराइनु संक्रमणकालीन न्यायको परिधिभित्र पर्दछ।

अर्को, युद्धमा भिडन्त भएर मरेका, मारिएका घटनामा संलग्न दुवै पक्षलाई आममाफी दिने कुरा हो। विगतमा नेपालमा आममाफी दिइएका दृष्टान्तहरू थुप्रै छन्। जस्तै, ओखलढुंगा काण्ड, जनमत संग्रहमै सबैलाई माफी दिइयो। राजा वीरेन्द्रले नै माफी दिए। झापा काण्डमा सबैलाई माफी दिइएको हो। ००७ सालमा मुक्ति सेनाको नाममा हतियार उठाउनेलाई पनि माफी दिइएको हो। उसलाई प्रहरीमा गाभिदिएको हो।

यसपालि चाहिँ हतियार बिसाउने अन्तर्गत सेना समायोजन भयो। त्यो पनि अलिकति बेठीक ढंगले भयो। हतियार बिसायो, हतियार बिसाएकाहरूलाई के कसरी व्यवस्थापन गर्ने र समाजमा पुनर्स्थापना गर्ने भन्ने सन्दर्भमा ठीक ढंगले निर्णय भएन। हतियार बिसाउने कुरा मात्रै भयो। अपमानित भएर जो फर्केका छन्, ती न त समाजमा अटाउन सकेका छन्, न आफूलाई न्याय भएको ठानेका छन्। त्यसले पनि नयाँ द्वन्द्व सिर्जना गर्ने सम्भावना ज्यूँदै राखिराख्छ।

नेपालमा द्वन्द्वका आयामहरू यथावत राखिनुका मूलतः दुईटा कारण छन्, यद्यपि यिनका सहायक कारणहरू पनि छन्। द्वन्द्वका मूलपक्षहरूका रूपमा रहेका तत्कालीन सशस्त्र संघर्षका नेतृत्वकर्ता माओवादी र त्यतिबेलाको सत्तारुढ दलहरूले द्वन्द्व रूपान्तरण र व्यवस्थापनलाई ज्यादै कच्चा ढंगले बुझे। त्यो बुझाइ नै त्रुटिपूर्ण भयो। उनीहरूमा त्यसलाई साङ्गोपाङ्गो पूरा गर्नुपर्छ भन्ने अनुभूति नै भएन।

त्यसको दोस्रो कारण भनेको सत्तामा गइसकेपछि उनीहरूले नियतवश पनि यसलाई पूरा गर्न चाहेनन्। शान्ति प्रक्रियालाई पूर्ण रूपमा पूरा गर्नुपर्छ भन्ने कुरालाई गम्भीरतापूर्वक लिइने, भन्ने नै हो भने जिम्मेवारहरूमा त्यो गरिनुपर्छ भन्ने सोचाइ नै आएन। सत्तामा गएपछि शान्ति सम्झौतामा भूमिसुधार गर्ने कुरा लेखेको थियो। सेक्युरिटी सेक्टर रिफर्म गर्ने कुरा समेत लेखेको थियो। आफैंले लेखेको कुरा भुल्नु भनेको के त ? हतियार बिसाइयो, सत्तामा गइयो, यतिभएपछि सबै सिद्धियो भन्ने ठान्नु आफ्नै प्रतिबद्धताबाट विचलन हुनु हो। त्यसकारण एउटा बुझाइमा समस्या, अर्को नियतमै खोटको समस्या पनि रह्यो।

विचलन आउनुको जड कारण भनेकै सिंहदरबार बदल्न गएकाहरू, सिंहदरबार नबदली आफै बदलिए। आफू सत्तामा पुगेपछि सबै थोक पूरा भयो अर्थात् मलाई पुगेपछि सबैलाई पुग्यो भनेजस्तो भयो। सत्तामा पुगेपछि घर फर्केको सिपाहीलाई किन याद गर्नुपर्यो? समाजको त्यो आलो घाउलाई किन याद गर्नुपर्यो? आर्थिक सामाजिक रूपान्तरण मैले किन गर्नुपर्यो भन्ने कुरा विचलन हैन र ? त्यसैले यो विचलन नै पनि शान्ति प्रक्रिया टुंगोमा पुग्न नसक्नुको आफैंमा जड कारण हो।

नेपालमा भन्दा ज्यादै कमजोर शक्ति हो अफ्रिकन नेसनल कङ्ग्रेसको। नेकपा माओवादी जस्तो दुई तिहाइ भागमा उसको कब्जा पनि थिएन। उसको सेना यहाँको जस्तो ठूलो थिएन। उसले राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा त्यस्तो तहल्का पिट्न सकेको पनि थिएन। तर ठीक कोर्स पक्रेको हुनाले शान्ति प्रक्रियाको काम सम्पन्न गरिछाड्यो। त्योभन्दा राम्रो त नेपालमा हुन सक्थ्यो। मात्र लिग नछोडे पुग्थ्यो। सानो सानो स्वार्थमा बगेको कारण लिग छोड्यो। कोही सम्पन्न भए होलान्, कोही धनी भए होलान्। त्यो हुने बित्तिकै बाँकी सबै छोड्दिनु भनेको आर्थिक सामाजिक रूपान्तरणको एजेन्डा नै छोडिदिनु होइन र ?

नेपालका राजनीतिक दलहरूले चाहने हो भने धेरै कुरा गर्न सम्भव थियो। कहाँसम्म भने अन्तरिम संविधानमै भूमिसुधार लेखेको थियो। शान्ति सम्झौतामा पनि यो लेखिएको छ। भूमिसुधार त सर्वसम्मत एजेन्डा नै हो। आफ्नो हातमा त्यतिखेर सरकार आएको छ। प्रचण्डको हातमा सरकार आएको होइन ? अहिलेको स्थितिमा पनि मुख्य दलहरूमध्ये काङ्ग्रेस बाहिर, बाँकी सबै सरकारमा छन्। काङ्ग्रेसले पनि भूमिसुधारमा सही गरेको छ। त्यतिखेर भूमिसुधार ड्याङ कि ड्याङ् सुरु गरेको भए कसले के गर्न सक्थ्यो ? तर गरेनन्।

किन गरेनन् भने उनीहरू आफ्नै प्रतिबद्धतामा अड्न सकेनन्। परिवर्तन गर्नुपर्नेहरू आफैं परिवर्तित भएपछि यी यावत कुराहरू अलपत्र परे। त्यसमा वैचारिक सांस्कृतिक विचलनले भूमिका खेल्यो। आफूले पक्रेको सिद्धान्त, राजनीतिलाई उनीहरूले गम्भीर रूपमा लिएनन्। आफ्नो एजेण्डा, ध्येय र उद्देश्यमा गम्भीर नै भएन।

शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउन जति ढिलो गरिन्छ, उति यो असम्भव बन्दै जान्छ। प्रचण्ड पहिलो पटक प्रधानमन्त्री हुँदा गर्न खोजेको भए यो प्रक्रिया सजिलै पूरा गर्न सम्भव थियो। किनभने उनीसँग जनमत थियो। सरकारमा ८० प्रतिशत शक्तिको समर्थन पनि थियो। विद्रोहबाट आएको माओवादीको डर हरेकलाई थियो। यसले केही परिवर्तन गरिहाल्छन् कि भन्ने आशा पनि थियो। गरेको भए जनताको व्यापक समर्थन पनि थियो। त्यो अवसर त गुमाए नि। त्यतिबेला नै दण्ड गर्नुपर्नेलाई दण्ड गर्ने, सेनालाई पनि डाकेर जघन्य अपराधलाई यसरी गरौं भनेर टुङ्ग्याएको भए हुन्थ्यो। चार भागमा तीन भाग जघन्य अपराध सेनाको छ, एक भाग मात्रै माओवादीको छ। यहाँ कस्तो भयो भने सेनाले पनि यो बारे नबोले हुन्थ्यो भन्ने, माओवादीलाई पनि यसलाई नछोए हुन्थ्यो भन्ने स्थिति रह्यो। सङ्क्रमणकालीन मुद्दाकै लागि भनेर सत्य निरूपण तथा मेलमिलाप आयोग बनेको थियो। कैयन समयसम्म त आयोग पनि गठन हुन सकेन। आयोग गठन गरेपछि अगुवाइ गर्ने ठीक मान्छे दिइएन। कानुन बन्यो त्यो पनि समस्याग्रस्त, अपूरो बनाइयो। कानुन बनेपछि पनि राजनीतिक दलले सहयोग गरेन, जसको कारण त्यो अगाडि बढ्नै सकेन। आफैं फसिन्छ कि भन्ने डरले यो कुरालाई अघि नबढाउन सेना र माओवादीको पनि अघोषित सहमति रह्यो। काङ्ग्रेसलाई त झन् यिनीहरूले गल्ती गरिदियोस् भन्ने नै हुने भयो। किनभने प्रचण्डलाई जहिले पनि हेगको डर बाँकी राखेपछि उठ न बस हुन्छन् भन्ने पक्षमा काङ्ग्रेस छ।

प्रचण्डले पछिल्लो समय दिएको हेगबारेको भनाइ वास्तवमा डरको अभिव्यक्ति हो। हेग पुगेर को हिरो बनेको छ र ? अपराधीको रूपमा हेगमा उभ्याइएपछि हिरो बन्ने कुरै रहँदैन।

त्यसमाथि थप, हेगमा नेपालीलाई लैजाने वैधानिक सम्भावना नै छैन। किनभने नेपालले रोम विधानमा सही गरेको छैन। तर सोही विधानका आधारमा प्रचण्ड अन्य त्यसका पक्षराष्ट्रहरूमा गए भने चाहिँ समातिन सक्ने सम्भावना भने छ। अस्ति अमेरिका जाँदा पनि समात्न सक्थ्यो। त्यसरी समात्ने कुरा हमेशा टाउकोमा तरबार झुन्डाउने भनेजस्तै भयो। अहिलेका विपक्षीहरू पनि नेपालको शान्ति प्रक्रियालाई समाधान गर्न नचाहनुको एउटा अन्तर्य भनेको पनि हमेशा प्रचण्डको टाउकोमा तरबार झुन्डाइ राख्न चाहन्छन्।

प्रचण्डले कुनै च्याडिकल कुरा गर्न लागे कि त्यो तरबार तल झार्दिऊँ ? क्रमशः दोस्रो पृष्ठमा

नगदेशको महाकाली गण नाच

काठमाडौं । मध्यपुर थिमिको नगदेशमा शनिबार रातिदेखि महाकाली जाग्दछिन् । यो वर्ष नगदेशमा अनिश वैद्य महाकाली, सुशान घजू महालक्ष्मी, सञ्जय तको कुमारी, राजु वैद्य सिंह, रोहन श्रेष्ठ, रोजिन सलाजु, सविन वैद्य र मञ्जिल बाडे बेटा, रोहन सलाल र राजु कौरी भूत भैरव, स्वर्णिम अवाल र रिदेश तको कवाँ, निरज बाडे र आशिष कोजू ख्या, क्षितिज बाडे र सुजल मन्तिसिर माक, अनुस बाडे महिषाशुर र बाबुराम दुवाल मयुरको वेशमा नाच्दैछन् ।

महाकाली नाचमा रातो जामा लगाइएकी महाकाली एक, पहेंलो जामा लगाइएकी महालक्ष्मी एक, रातो जामा लगाएकी कुमारी एक, कालोमा विभिन्न रङको कपडा मुठा जोडेका सिंह एक, रातो कछाड लगाएका बेता चार, कालो कपडा लगाएका भूत भैरव दुई, सेतो धोती वा कछाड लगाएका कवं दुई, नालु गासेको खैरो पुटुलं र सुरुवाल लगाएका ख्याक दुई, खैरो कट्टु र सर्ट लगाएका माकः (बाँदर) दुई, मयुरको वेशमा म्ह्यखा एक र कालो कपडाको जामा लगाइएको महिषाशुर दैत्य एक गरी १८ जनाको समूह हुने नगदेश सांस्कृतिक पुचःका सचिव विनोद कोजूले जानकारी दिए ।

वाद्यवादन समूह समेत गरी ५० भन्दा बढी कलाकारहरूको सक्रिय सहभागिता रहने यो नाच दैनिक करिव चारघन्टाका दरले नगदेशको च्वें त्वाः गाः, कुमालाछी, छ्वास त्वाः, नृत्यनाथ, लाछी टोलमा प्रदर्शन गरिने नाचका गुरु भक्तबहादुर घजूले जानकारी दिए । त्यस्तै यो नाच बाहः ननीस्थित उःननी र थःननी, इवापुननी, क्वें त्वाः गाः र पुखुसिमा पनि प्रदर्शन गरिन्छ । दस ठाउँमध्ये नृत्यनाथ, च्वे त्वाः गा, छ्वास त्वाः र उःननीमा महाकालीको सम्पूर्ण नाच प्रदर्शन गरिने गुरु घजूले जानकारी दिए ।

नाचका गुरु घजूका अनुसार मुहाली बाजा, नायखिँ, धाँ बाजा, तः, मृदङ, भुस्याय्, छुस्याय लगायतको बाजाको संयुक्त तालमा उक्त नाच प्रस्तुत गरिन्छ । महाकाली नाचमा विभिन्न २१ वटा ताल रहेको र विभिन्न फरक फरक समूह तालमा नचाइने परम्परा रहेको छ । मुख्य भूमिकामा रहेका देवीको एकल नाच पनि प्रदर्शनी हुनेछ ।

नाचमा एकताल, दुताल, चौताल, परताल, ब्रह्मताल, अष्ट्राताल, बौतय्गु ताल, दैत्यसम्हार तालमा पूरै कलाकार सहभागी गराएर मृदङ, मूहाली, ताः, बौ, धा, भूस्या, नायखी, छुस्याय्लगायतका बाजा बजाएर महाकालीको एकल नाच, महालक्ष्मीको एकल नाच, कुमारीको एकल नाच प्रदर्शन गरिन्छ । यो नाच नगदेशको विभिन्न भाग र आमन्त्रण भए बमोजिम मध्यपुर थिमिका अन्य भागमा समेत प्रदर्शन गर्ने प्रचलन रहेको छ ।

एकै दिनमा १२ सयले बढ्यो सुन

काठमाडौं । लगातार उकालो लाग्दै आएको सुनको मूल्यमा एकै दिन प्रतितोला एक हजार दुई सय रूपैयाँले वृद्धि भएको छ ।

छापावाला सुन बुधबार सत्तरी हजार तीन सयमा कारोबार भएकोमा प्रतितोला ७१ हजार पाँचसय रूपैयाँ कायम भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ । त्यस्तै तेजाबी सुनको मूल्य पनि प्रतितोला एक हजार दुई सयले नै बढेको छ । तेजाबी सुन प्रतितोला ७१ हजार दुई सय रूपैयाँमा कारोबार भएको छ । तेजाबी सुन प्रतितोला ७० हजार रूपैयाँमा कारोबार भएको थियो । यो सुनको मूल्य अहिलेसम्मको उच्च हो ।

पहेंलो धातुको मूल्य बढेसँगै चाँदीको मूल्य पनि वृद्धि भएको छ । यस्तै चाँदीको मूल्य प्रतितोला बीस रूपैयाँले वृद्धि भएर आठसय चालि रूपैयाँ कायम भएको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य वृद्धि भएसँगै नेपालमा पनि त्यसको प्रभाव परेको महासंघले जनाएको छ ।

चीन-अमेरिका व्यापार टकराव तथा अमेरिका-इरानबीच देखिएको विवादका कारण पनि अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य वृद्धि भएको बताइएको छ ।

सभ्य, शिष्ट र यात्रुमैत्री व्यवहार गर्न प्रहरी महानिरीक्षकद्वारा निर्देशन

काठमाडौं । प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आकस्मिक निरीक्षण गर्दै कार्यरत प्रहरी कर्मचारीले यात्रुहरूसँग सभ्य, शिष्ट र यात्रुमैत्री व्यवहार गर्नुपर्नेमा जोड दिए ।

प्रहरी महानिरीक्षक खनालले विमानस्थलको निरीक्षणका क्रममा प्रहरी कर्मचारीहरूलाई निर्देशन दिँदै व्यक्तिगत एवं पेशागत आचरण र व्यवहारमा थप सुधार गरी आफ्नो जिम्मेवारीमा लगनशील, निष्पक्ष र निःस्वार्थ हुन समेत निर्देशन दिए ।

विमानस्थल सुरक्षा कार्यालयमा कार्यरत प्रहरी कर्मचारीहरू खटिएकै ठाउँमा पुगेर उनीहरूले गरिरहेका यात्रु सुरक्षा जाँच, लगेज स्क्रिनिङलगायत हवाई सुरक्षासँग सम्बन्धित प्रहरीको काम कारबाहीको उनले निरीक्षण गरेका थिए । उनले विमानस्थलका अधिकारीहरूसँग भेटघाट गरी सुरक्षालाई अझ प्रभावकारी बनाउने विषयमा समेत छलफल गरेका थिए ।

सिँचाइ पुनर्निमार्ण गर्न दुई अर्ब लाग्ने

काठमाडौं । अविरल वर्षापछि आएको बाढी कारण क्षति पुगेका सिँचाइ संरचना मर्मत गर्न दुई अर्ब बढी खर्च लाग्ने अनुमान गरिएको छ ।

मुलुकभरका विभिन्न सिँचाइ प्रणालीमा असार अन्तिम साता आएको बाढीले पुऱ्याएको क्षतिलाई दीर्घकालीन पुर्निमार्ण गर्न दुई अर्ब एघार करोड रूपैयाँ आवश्यक पर्ने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बताएको हो ।

बाढीबाट क्षति पुगेका सिँचाइ प्रणाली मर्मत तथा नयाँ निर्माण गर्न तत्कालीक रूपमा रु ३८ करोड २२ लाख लाग्ने भएको छ । बाढीलगत्तै सिँचाइ विभागले गरेको स्थलगत अवलोकन गरेको थियो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा गत असार २७ देखि २९ गतेसम्म परेको अविरल वर्षाका कारण मुख्य गरी प्रदेश नं १ र २ का विभिन्न नदीमा बाढी आउँदा सिँचाइ संरचनामा क्षति पुगेको जानकारी दिइयो ।

रतुवामावा, कमल, त्रियुगा, कन्काइ, वाग्मती, लालबकैया, कमला, खाँडो, रातो, कोशी, बक्राहा, औरही, बबई र कर्णालीलगायत नदीमा आएको सो बाढीबाट सिँचाइ संरचनामा क्षति पुगेको थियो ।

बाढीलगत्तै उच्चपदस्थ व्यक्तिले प्रभावित क्षेत्रको अवलोकन गरेका थिए । राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, उपप्रधानमन्त्री उपेन्द्र यादव, ऊर्जामन्त्री वर्षमान पुनलगायतले बाढीग्रस्त क्षेत्रको अवलोकन गरेका थिए ।

स्थलगत अवलोकनका क्रममा मन्त्री पुनले बाढीबाट सिँचाइ संरचनामा पुगेको क्षतिको तत्कालै पुनःनिर्माण थाल्न र कटान नियन्त्रणमा खट्न मातहतका निकायलाई निर्देशन दिए ।

बाढीले ती नदीमा आधारित सिँचाइ आयोजनाको हेडवर्कस, मुल नहर, शाखा नहर र विभिन्न संरचनामा क्षति पुऱ्याएको थियो । क्षतिग्रस्त सिँचाइ संरचनाको तत्काल पुनर्निर्माणका लागि आवश्यक पर्ने बजेट व्यवस्थापनका लागि अर्थ मन्त्रालयसँग आग्रह गरिएको छ ।

सिँचाइ विभागले क्षति भएका संरचनाको मर्मत तथा नयाँ निर्माणका लागि तत्कालीन र दीर्घकालीन कार्ययोजना तयार गरेको छ । जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सरिता दवाडीले बागमती नदीबाट भएको कटान तथा डुबान नियन्त्रणका लागि बागमती तथा लालबकैया नदी नियन्त्रण आयोजनाबाट तत्काल ४० हजार थान बोरा तथा २५० थान नाइलन जाली क्षतिग्रस्त स्थानमा उपलब्ध गराइएको जानकारी दिए ।

त्यस्तै लालबकैया नदीबाट भएको डुबान तथा कटान नियन्त्रणका लागि वाग्मती तथा लालबकैया नदी नियन्त्रण आयोजनाबाट एक लाख ६२ हजार थान बोरा तथा ७५५ थान नाइलन जाली प्रभावित क्षेत्रमा पठाइएको विभागले जनाएको छ ।

बाढीलगत्तै विभागले कमला, बागमती, लालबकैया, औरही, मरमहा, रातो, बक्राहा, त्रियुगा, लखनदेही झिम तथा बाँकेलगायत नदीबाट भएको कटान डुबानको छुनथेक तथा संरक्षणका लागि आपत्कालीन रूपमा माटोका बाँध, बोरामा बालुवा, बाँस पाइलिसिङ्ग, नाइलन/ग्याभिन जाली, कङ्क्रिट/बाँस परकुपाइनलगायत क्षति कम गर्ने कार्य गरेको उनले जानकारी दिए ।

नदी नियन्त्रणका संरचनाको तत्काल र दीर्घकालीन रूपमा संरक्षण तथा रोकथामका लागि तयार गरिएको कार्ययोजना बमोजिम तत्काल गर्नुपर्ने कार्यका लागि ३३ करोड २२ लाख केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट व्यवस्था गरिदिन आग्रह गरिएको सिँचाइ मन्त्रालयले जनाएको छ ।

सरकारले गत आर्थिक वर्षमा सिँचाइ आयोजना तथा नदी नियन्त्रणका लागि पाँच अर्ब रूपैयाँ विनियोजन गरेको थियो । सङ्घीय सरकारले ठूला, प्रदेश सरकारले मझौला र स्थानीय सरकारले साना नदीको व्यवस्थापन गर्दै आएका छन् ।

सो अवसरमा मन्त्री पुनले नदी नियन्त्रण तथा जोखिम न्यूनीकरणमा तीनै तहका सरकारको समन्वयात्मक भूमिका आवश्यक रहेको बताए । बाढीबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र क्षति न्यूनीकरणका लागि एकीकृत योजना आवश्यक रहेको औंल्याउँदै उनले बर्सेनी बाढीबाट तराई मधेसमा हुने क्षति कम गर्न गतिलो संरचना निर्माण गरिनुपर्ने बताए ।

सीमा क्षेत्रमा निर्माण गरिएको संरचनाबाट हुनसक्ने क्षति न्यूनीकरण गर्न दुवै देशका सरकारबीच समन्वय गरिएको बताउँदै उनले नेपाल-भारत संयुक्त आयोगको बैठकमा ती विषयमा छलफल हुने प्रष्ट पारे ।

सिँचाइ मन्त्रालयले बाढीबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि विभागअन्तर्गत आपतकालीन तथा बाढी पहिरो पुनर्स्थापनाका लागि बजेट विनियोजन गरेको छ । चालु आर्थिक वर्षका लागि आपतलकालीन कार्य गर्न विभिन्न कार्यालयमा वार्षिक कार्यक्रमका रूपमा दस करोड दुई लाख २५ हजार रूपैयाँ छुट्याइएको छ ।

सो रकममध्ये मन्त्रालयले पाँच करोड रूपैयाँ आवश्यकता अनुसार विभिन्न नदी नियन्त्रण गर्न विनियोजन गरेको छ । प्रदेश १ को झपा र मोरङ जिल्लाका विरिङ, कन्काई, रतुवा मावा (झापा), रतुवा मावा (मोरङ) कमल र मेची नदीले पुऱ्याएको क्षति पुनर्निर्माणका लागि जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय नं १ झापामार्फत ३० लाख रूपैयाँ विनियोजन गरिएको छ ।

त्यस्तै रौतहट र सर्लाही जिल्लामा लालबकैया र बागमती नदीमा क्षति न्यूनीकरणका लागि एक करोड रूपैयाँ बाँडफाँड गरिएको मन्त्रालयले जनाएको छ ।

जंगलबाटै आठ जुवाडे कऱ्याप्प

काठमाडौं । गोरखा जिल्लास्थित पालुङटार नगरपालिका-५ चियानडाँडाको जङ्गलमा जुवा खेल्दै गरेका आठ जनालाई प्रहरीले पक्राउ गरेको छ । जङ्गलको बीचमा टेण्ट टाँगेर जुवा खेलिरहेको अवस्थामा उनीहरूलाई आज पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक महेन्द्र नेपालले जानकारी दिनुभयो ।

जुवाको खालबाट प्रहरीले तीन लाख ८७ हजार समेत बरामद गरेको छ । गण्डकी प्रदेश प्रहरीको अनुसन्धान ब्यूरो र इलाका प्रहरी कार्यालय ठाँटीपोखरीको टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।

उनीहरूविरुद्ध जुवा ऐनअन्तर्गत मुद्दा दर्ता गरी कारवाही प्रक्रिया अगाडि बढाइएको नेपालले जानकारी दिए ।

– संक्षिप्त समाचार –

शालिकराम मृत्यु प्रकरणमा लामिछाने, कँडेल र कार्की पक्राउ

काठमाडौं । केही दिनअघि (२२ साउनमा) चितवनको नारायणगढ बसपार्कस्थित 'कंगारु होटल' मा मृत भेटिएका पत्रकार शालिकराम पुडासैनीको 'आत्महत्या' प्रकरणकै सिलसिलामा उनका पूर्वसहकर्मी रवि लामिछाने, युवराज कँडेल र नर्स अस्मिता कार्कीलाई प्रहरीले पक्राउ गरेको छ । 'न्युज २४' टेलिभिजनको कार्यलयबाटै टिभी कार्यक्रम प्रस्तोता लामिछाने र कँडेललाई प्रहरीले बिहीबार साँझ पक्राउ गरेको हो ।

यसअघि बिहीबार अपराह्न प्रहरीले ओखलढुंगा घर भएकी अस्मिता भनिने नर्स रुकु कार्कीलाई कलंकीबाट नियन्त्रणमा लिएको थियो । जिल्ला प्रहरी कार्यालय चितवन र काठमाडौं प्रहरी परिसरको टोलीले उनीहरूलाई पक्राउ गरेको काठमाडौं प्रहरी परिसरका प्रमुख एसएसपी उत्तमराज सुवेदीले बताएका छन् ।

मृत्युपूर्व पुडासैनीले आफ्नो आत्महत्यामा लामिछाने, कँडेल र कार्की नै मुख्य कारण रहेको भन्दै बोलेको भिडियो 'नेपाल आज' नामक युट्युब च्यानलमा बुधबार मात्रै सार्वजनिक भएको थियो । आत्महत्या गर्नुअघि पुडासैनीले मोबाइलमा रेकर्ड गराएको उक्त भिडियोमा रवि लामिछाने र युवराज कँडेलले आफूलाई आत्महत्या गर्न बाध्य पारेको उल्लेख गरेका छन् । सोही भिडियो बयानका आधारमा प्रहरीले 'न्युज २४' टेलिभिजनमा 'सीधा कुरा जनतासँग' नामक कार्यक्रमका प्रस्तोता रवि लामिछाने र सोही कार्यक्रममा काम गर्ने युवराज कँडेललाई पक्राउ गरेको हो ।

आत्महत्याका निम्ति दुरुत्साहन गरेको अभियोगमा अनुसन्धानका लागि लामिछाने र कँडेललाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । तर, अस्मिता भनिने नर्स रुकु कार्कीलाई भने पक्राउ गरिएको नभई 'संरक्षण गरिएको' प्रहरीले बताएको छ ।

दिउँसो ३:३० बजे होटलको २०२ नम्बर कोठामा पुगेका पत्रकार पुडासैनीलाई राति होटलवालाले खान खान बोलाउँदा चुकुल नखोलेपछि प्रहरी बोलाएर ढोका खोल्दा उनी मृत भेटिएका थिए । प्रहरीले पुडासैनीको भिडियो प्रहरी प्रधान कार्यालयमा मगाएर परीक्षण गरेपछि रवि लामिछाने र कँडेललाई पक्राउ गरिएको बताइएको छ ।

लामिछानेसहित यी सबैमाथि अहिले लगाइएको 'आत्महत्यामा दुरुत्साहन गरेको' कसूर प्रमाणित भएमा ५ वर्षसम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी व्यवस्था मुलुकी अपराध संहितामा छ ।

मृतक प्रियजनको सम्झना गर्दै गाईजात्रा पर्व मनाइयो

काठमाडौं । विभिन्न विकृति र विसंगतिमाथि व्यङ्ग्यात्मक प्रहार गर्दै धार्मिक तथा सांस्कृतिक पर्व गाईजात्रा भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठ दिन परम्परागत उत्सव 'गाईजात्रा' जनै पूर्णिमा पर्व मनाउने गरिन्छ ।

यस पर्वका अवसरमा वर्ष दिनसम्म दिवङ्गत भएका परिवारजनको सम्झनामा गाई वा मानिसलाई गाईका रूपमा सिङ्गारी-पटार गरी आ-आफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गरी नगरपरिक्रमा गर्नाले मृत्यु भएका व्यक्ति गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आ-आफ्नो घरका मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली शहर परिक्रमा गराउनु' भनी आज्ञा दिएकामा यतिले पनि रानीको मन शान्त हुन नसकेकाले विभिन्न प्रकारका प्रहसन तथा व्यङ्ग्यात्मक कार्यक्रम पनि गराउने आदेश दिएअनुरूप सो प्रचलन चलेको हो भन्ने जनश्रुति पाइन्छ ।

प्रताप मल्लको पालादेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोकास्थित राजप्रासाद भएर जानुपर्ने प्रथा आज पनि जारी छ । देशका विभिन्न शहरमा गाईजात्रा मनाइने भएपनि उपत्यकामा यसको विशेष रौनक देख्न सकिन्छ । भाद्र कृष्ण अष्टमीका दिनसम्म मनाइने यस पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यङ्ग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरू पनि गाइन्छ ।

व्यवस्थाप्रति व्यङ्ग्य गरेको भन्दै २०१७ पुस १ गतेको शाही 'कू'पछि गाईजात्रामा पनि प्रतिबन्ध लागेको थियो । संस्कृतिविद् सत्यमोहन जोशी २०३३ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले महोत्सवका रूपमा झाँकी र हास्य व्यङ्ग्यसहित गाईजात्रा फेरि मनाउन थालेको बताए । हास्यव्यङ्ग्यले बुझ पचाएर जथाभावी गर्नेलाई सचेत गराउने र अनर्थकतामा सार्थकता झल्काउने उनको भनाइ छ । जात्राका क्रममा पाटनमा देखाइने सत्य युगको धान, चामलको नमूना र काठमाडौंको ठमेलमा देखाइने स्वर्ण तथा रजताक्षरमा लेखिएका पुस्तक विशेष दर्शनीय मानिन्छन् ।

गाईजात्राका अवसरमा समाजमा विद्यमान विकृति र विसङ्गति उजागर गरिन्छ । सार्वजनिक रूपमा मनोरञ्जनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले विविध कार्यक्रमको आयोजना समेत हुन्छ । पत्रपत्रिकामा पनि सामाजिक कुरीतिलाई समेटेर हास्यव्यङ्ग्य अङ्क प्रकाशित गरिन्छ । गाईजात्रा पर्व काठमाडौं उपत्यकालगायत बनेपा, धुलिखेल, पनौती, बाह्रबिसे, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगञ्ज, हेटौंडा, पोखरालगायत नेवार समुदायको विशेष उपस्थिति रहेको शहरमा धुमधामका साथ मनाइन्छ ।

मध्यपुर थिमिमा चार रातसम्म भैरव, महाकाली, निलबाराही नाच चल्ने

भक्तपुर । भूतप्रेत-पिशाच र दानवलगायतलाई भगाउन गाईजात्राको भोलिपल्ट चार रात मध्यपुर थिमिमा भैरव, महाकाली, निलवाराही लगायतका देवी देवता जाग्ने भएको छ।

मल्लकालीन समयमा मध्यपुर थिमि क्षेत्रमा भूतप्रेत, पिशाच, डाकिनीलगायत दानवरूपी आत्माले साऱ्है दुःख कष्ट दिन थाले । किसानहरू खेतमा जान नसक्ने भए । व्यापारीहरू सामान खरिद गर्न अन्य शहर जान नसक्ने भए । राज्यमा ठूलो आतङ्क मच्चियो । जतातते हाहाकार मच्चिन थालेपछि तत्कालीन दरबारमा सभा बस्यो र यसको समाधानको उपाय खोज्न थालियो ।

यसैक्रममा त्यसबेलाका नामुद शास्त्रज्ञ, तान्त्रिक र विद्वान गुरुहरूले तान्त्रिक विधिद्वारा मानिसमा विभिन्न देवीदेवताहरू जगाएर रातभर नचाउन शुरु गरी भूतप्रेत, पिशाच, डाकिनीलगायत प्रेतात्माहरू भाग्ने जुक्ति निकाले ।

सो अनुसार गाईजात्राको भोलिपल्टदेखि चार रात अर्थात भाद्र कृष्ण द्वितीया (गुँलागा द्वितीया) देखि पञ्चमीसम्म मध्यपुर थिमि क्षेत्रको बोडेमा नीलवाराही, नगदेशमा महाकाली र थिमिमा लायकु भैरव र थिमि भैरव नाचको विकास भएको किंवदन्ती रहेको छ।

मध्यपुर थिमिमा यसवर्ष लायकु भैलः जाग्ने भएको छ। करीब साढे चार दशक रोकिएर विसं २०७२ सालदेखि पुनः सञ्चालनमा आएको थिमिको लायकू भैल प्याखँमा ज्यापुँगः एक, न्हापा र लिपाँ गरी दुई भैरव र न्हापाँ र लिपाँ दाँगी अर्थात कुमारी दुई गरी पाँच देवीदेवताले शास्त्रीय र तान्त्रिक विधिद्वारा विभिन्न मुद्रामा नाच प्रस्तुत गर्दछन् । यसवर्षको लायकु भैलमा १४ वर्षीय सोहन श्रेष्ठ ज्यापुँगः, विनोद श्रेष्ठ न्हापाँ भैल, साजन श्रेष्ठ लिपाँ भैलः, सज्जन श्रेष्ठ न्हापाँ दाँगी र सोनिस श्रेष्ठ लिपाँ दाँगीको रूपमा रहेका छन् ।

भैलः प्याखँमा भैरवले खड्ग र दाँगीले डमरु लिएर नाच्छन् भने ज्यापुँगःले कपासको बियाँ, अक्षता र ताय् (लावा) भएको भाँडा हातमा लिएर नाच्छन् । ज्यापुँगःले भैरव र दाँगी नाच्दा नाच्दै क्रोधित भएर काम्ने बेला कपासको बियाँले हानेर शान्त पार्ने काम गर्दछन् । भैलः प्याखँमा पाँच जना देवीदेवताले नाच प्रस्तुत गर्ने भए पनि वाद्यवादन, सहयोगी र व्यवस्थापकगरी करिव तीन सय जनाको समूह अहोरात्र खटिनुपर्ने लायकू भैलः सञ्चालन समितिका संयोजक अर्जुन श्रेष्ठले जानकारी दिए।

उनका अनुसार भैलः प्याखँ प्रदर्शनका क्रममा १२ वटा दागः (काठ र छालाबाट बनेको विशेष बाजा), आठ जोर भूस्याय बाजा, आठजनाले पोइगा बाजा र चार जनाले मुहाली (सनइ) बाजा बजाउनु पर्दछ। 'नाच निस्केदेखि विश्राम नभएसम्म रातभर बाजा निरन्तर बजाउनु पर्दछ। त्यसका लागि आलोपालो बाजा बजाउनेहरू तयारी अवस्थामा राख्नु पर्दछ । त्यसैले बाजा बजाउने वाद्यवादकहरू मात्रै एक सय ५० जनाको हाराहारीमा छन,' उनले, 'पाँच जना देवी देवताले ८/८ जना ज्वकुलु (सहयोगी) नियुक्त गर्दछन् ।'

थिमिको लायकूमा प्रशिक्षण गरिएको भैलः प्याखँ प्रदर्शनका क्रममा बालकुमारी, दथुटोल, लायकू, ईनायटोल, दिगुटोल, चपाचो, गुँगाचिवा र भुँलाखेलमा प्रदर्शन गरेपछि लायकु दरबारमा पुगेर विसर्जन हुन्छ । यो क्रम निरन्तर चार रातसम्म चल्ने संयोजक श्रेष्ठले बताए ।

यस्तै ऐतिहासिक नीलवाराही नाच चार दिन चार रात बोडेको विभिन्न स्थानमा प्रदर्शन गरिन्छ । यो नाच बोडेको नारायणस्थान लाछीबाट शुरु भई लायकु छें, विष्णु घाट, महालक्ष्मी थान, भाँगुटोल, खोंसी टोल, नीलवाराही स्थान हुँदै पुनः नारायणथानमा प्रदर्शन गरेर समापन गरिन्छ । नाचमा धाँ बाजा, भुस्या, काँय, पाँगा बाजाको तालमा परम्परागत शैलीमा देवी र देवगणहरू नाच्ने गुठीका नाइके प्रेमचन्द्र अदुवा श्रेष्ठले बताए । यो नाच फरकफरक दिन र समयमा फरकफरक स्थानबाट शुरु गर्ने परम्परा रहेको गुठी नाइके श्रेष्ठले बताए ।

नीलवाराही नाचको देवगणमा भैरव एक, वाराही चार, कुमारी चार, सिहं चार, द्वारपाल दुई र गणेश चार गरी १९ जनाको समूह हुन्छ । देवगणका ज्वकुलु (सहयोगी) र बाध्य वाधक गरी सय जनाभन्दा बढी व्यक्तिहरू यो नाचमा क्रियाशील हुने श्रेष्ठले जानकारी दिए ।

नीलवाराही गणनाच तान्त्रिक विधि विधानयुक्त नाच हो । यसमा कठिन विधि विधान रहेको श्रेष्ठले बताए । 'यो नाचमा देवता बनेर नाच्ने व्यक्ति नाच्नको लागि घरबाट निस्केदेखि कसैसँग बोल्न नहुने, हावाहुरी र ठूलै पानी परे पनि कतै ओत लाग्न नहुने, घामपानीबाट बच्न छाता ओढ्न नहुने, तिर्खा लागे पानी पिउन नहुने, थकाइ लागे कहीं कतै बस्न नहुने र बस्नै भर्ने भए जोकलको तिघ्रामा मात्र आसन लगाएर बस्नुपर्ने, दैनिक १४/१५ घण्टा थकाइ नभनी नाच्नुपर्ने विधान छ,' उनले भने ।

यो नाचमा एकपटक देवता बनेपछि उनको मृत्यु नभएसम्म उनको स्थानमा अर्को व्यक्तिलाई देवता बनाउन नहुने विधान रहेको छ । 'देवता बनेको व्यक्ति भागेमा, विदेश गएमा, बिरामी भएमा उसको मुखुण्डो देव घरमा राखेर पूजा गरी राख्ने तर उसको स्थानमा अर्को व्यक्तिलाई देवता बनाउन नहुने विधान छ,' श्रेष्ठले भने ।

यो नाच कहिलेदेखि शुरु भएको भन्ने बारे यकिन प्रमाण फेला परेको छैन । तर भक्तपुरको नवदुर्गा नाचसँगै नीलवाराही नाच शुरु भएको स्थानीय बूढापाकाहरू बताए । अर्को तथ्यअनुसार सुवर्ण मल्ल राजाको पालामा नेपाल मण्डल र काठमाडौं उपत्यकामा मुखुण्डो नाचको प्रचलन शुरु भएको र सोही बेलादेखि बोडेमा

नीलवाराही नाच शुरु भएको मानिन्छ। यो नाचको बारेमा प्रचलित किंवदन्तीअनुसार नीलवाराही देवी मानिसको रूपमा बोडे शहर आएर स्थानीय धों जातका एक मानिसलाई नीलवाराही जङ्गलमा चार दिनसम्म राखेर नाचको सम्पूर्ण विधि विधान सिकाएर पठाएअनुसार यो नाच शुरु भएको जनविश्वास रहेको पाइन्छ ।

नीलवाराही स्वयं मनुष्यको रूप धारण गरी सिकाएको विश्वास रहेको यो नाचको लागि आवश्यक सामान र बाजागाजासमेत देवी स्वयंले नै बनाएर पठाएको विश्वाससमेत रहेको छ । यसको प्रमाणको रूपमा भैरवले लगाउने तामाको माला रहेको छ, जुन माला त्यही धों भन्ने व्यक्तिको घरमा गएर लिन जानुपर्ने र नाच सकेपछि पुऱ्याउन जानुपर्ने प्रचलन रहेको छ । नीलवाराहीले दिएर पठाएका अन्य सामानहरू अहिलेपनि एउटा काठको बाकसमा रहेको विश्वास गरिन्छ । पुरातात्विक महत्वको उक्त बाकस खोलेर हेर्ने भने गरिएको छैन ।

मध्यपुर थिमिको नगदेशमा शनिबार रातिदेखि महाकाली जाग्दछिन् । यो वर्ष नगदेशमा अनिश वैद्य महाकाली, सुशान घजू महालक्ष्मी, सञ्जय तको कुमारी, राजु वैद्य सिंह, रोहन श्रेष्ठ, रोजिन सलाजु, सविन वैद्य र मञ्जिल बाडे बेटा, रोहन सलाल र राजु कौरी भूत भैरव, स्वर्णिम अवाल र रिदेश तको कवाँ, निरज बाडे र आशिष कोजू ख्या, क्षितिज बाडे र सुजल मन्तिसिर माक, अनुस बाडे महिषाशुर र बाबुराम दुवाल मयुरको वेशमा नाच्दैछन् ।

महाकाली नाचमा रातो जामा लगाइएकी महाकाली एक, पहेंलो जामा लगाइएकी महालक्ष्मी एक, रातो जामा लगाएकी कुमारी एक, कालोमा विभिन्न रङको कपडा मुठा जोडेका सिंह एक, रातो कछाड लगाएका बेता चार, कालो कपडा लगाएका भूत भैरव दुई, सेतो धोती वा कछाड लगाएका कवं दुई, नालु गासेको खैरो पुटुलं र सुरुवाल लगाएका ख्याक दुई, खैरो कट्टु र सर्ट लगाएका माकः (बाँदर) दुई, मयुरको वेशमा म्ह्यखा एक र कालो कपडाको जामा लगाइएको महिषाशुर दैत्य एक गरी १८ जनाको समूह हुने नगदेश सांस्कृतिक पुचःका सचिव विनोद कोजूले जानकारी दिए ।

वाद्यवादन समूह समेत गरी ५० भन्दा बढी कलाकारहरूको सक्रिय सहभागिता रहने यो नाच दैनिक करिव चारघन्टाका दरले नगदेशको च्वें त्वाः गाः, कुमालाछी, छ्वास त्वाः, नृत्यनाथ, लाछी टोलमा प्रदर्शन गरिने नाचका गुरु भक्तबहादुर घजूले जानकारी दिए । त्यस्तै यो नाच बाहः ननीस्थित उःननी र थःननी, इवापुननी, क्वें त्वाः गाः र पुखुसिमा पनि प्रदर्शन गरिन्छ । दस ठाउँमध्ये नृत्यनाथ, च्वे त्वाः गा, छ्वास त्वाः र उःननीमा महाकालीको सम्पूर्ण नाच प्रदर्शन गरिने गुरु घजूले जानकारी दिए ।

नाचका गुरु घजूका अनुसार मुहाली बाजा, नायखिँ, धाँ बाजा, तः, मृदङ, भुस्याय्, छुस्याय लगायतको बाजाको संयुक्त तालमा उक्त नाच प्रस्तुत गरिन्छ । महाकाली नाचमा विभिन्न २१ वटा ताल रहेको र विभिन्न फरक फरक समूह तालमा नचाइने परम्परा रहेको छ । मुख्य भूमिकामा रहेका देवीको एकल नाच पनि प्रदर्शनी हुनेछ । नाचमा एकताल, दुताल, चौताल, परताल, ब्रह्मताल, अष्ट्राताल, बौतय्गु ताल, दैत्यसम्हार तालमा पूरै कलाकार सहभागी गराएर मृदङ, मूहाली, ताः, बौ, धा, भूस्या, नायखी, छुस्याय्लगायतका बाजा बजाएर महाकालीको एकल नाच, महालक्ष्मीको एकल नाच, कुमारीको एकल नाच प्रदर्शन गरिन्छ । यो नाच नगदेशको विभिन्न भाग र आमन्त्रण भए बमोजिम मध्यपुर थिमिका अन्य भागमा समेत प्रदर्शन गर्ने प्रचलन रहेको छ । (लक्ष्मी गारु : रासस)

झापामा पनि डेङ्गु सङ्क्रण फैलियो

काठमाडौं । पछिल्लो साता झापाको दमकमा डेङ्गुको सङ्क्रमण बढ्दै गएको देखिएको छ । तीन वर्षअघि दमकमा डेङ्गुले महामारीका रूपमा देखापरेको डेङ्गुको सङ्क्रमण यस वर्ष पनि अहिले ह्वात्तै बढ्दै गएको हो ।

दमक नगरपालिकाको स्वास्थ्य शाखाप्रमुख इन्द्र अर्यालका अनुसार दमकको जिल्ला अस्पताल दमकसहित अन्य निजी अस्पतालमा डेङ्गुका बिरामी भर्ना हुने क्रम बढेको पाइएको छ ।

सरकारी दमक अस्पतालसहित जिल्लास्थित आम्दा, लाइफलाइन, नमस्ते र एड्भान्स लगायतका निजी अस्पतालमा बिरामीहरूको चाप बढ्न थालेको हो । यसबाहेक केहीले काठमाडौं पुगेर उपचार गरिआएका छन् ।

जेठ र असारमा फाट्टफुट्ट देखिएको डेङ्गु रोगको सङ्क्रमण साउन अन्तिममा आइपुग्दा ह्वात्तै बढेको अर्यालले भनाइ छ । वर्षा रोकिएपछि डेङ्गु सार्ने लामखुट्टे सक्रिय हुने भएकाले यसको सङ्क्रमणमा एक्कासि वृद्धि भएको अर्यालले जनाए ।

उनकाअनुसार बुधबारसम्म अस्पतालहरूमा आएर जाँच गराएर भर्ना भएका बिरामीको सङ्ख्या एकसय पच्चीस नाघेको छ ।

आन्तरिक पर्यटक बढाउन बुद्धको जन्मस्थल विविध कार्यक्रम

काठमाडौं । बुद्ध जन्मस्थल लुम्बिनीमा आन्तरिक पर्यटक आगमन बढाउन विविध कार्यक्रम आयोजना गरिएका छन् । लुम्बिनीको राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा प्रचारप्रसार गर्ने उद्देश्यले प्रदेश नं ५ सरकारले घोषणा गरेको लुम्बिनी भ्रमण २०७६ अन्तर्गत ती कार्यक्रम भएका हुन् ।

भ्रमण वर्षको कार्यक्रमअन्तर्गत आज गौतम बुद्धको मावली स्थल देवदह नगरपालिका-४, भवानीपुरमा श्रावण पूर्णिमा उत्सव आयोजना गरिएको छ। लुम्बिनीलाई केन्द्रमा राखेर हरेक महीनाको मासिक पूर्णिमा उत्सव बुद्धसँग सम्बन्धित स्थानहरूमा आयोजना गर्दै आएको छ।

रामेछापवासीका लागि रामेछापवासीद्वारा प्रकाशित/सम्पादित
रामेछाप पोष्ट
खोजीखोजी पढ्ने गरौं ।

हरेक आइतबार
जनप्रवाह साप्ताहिक
खोजीखोजी पढ्ने गरौं ।

२०७५ साल भदौ १ गते लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेद्भाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाइजो नदिएका कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छाड्नेलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- मन्जुरीविना भएको विवाह, हाडनातामा भएको विवाह, बालविवाह, बहुविवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

विदेशी...

तत्त्वहरूबाट योजनाबद्ध ढंगले प्रहार गर्ने दुस्प्रयास भइरहेको छ। क्रान्तिकारी ध्रुवीकरणबाट अत्तालिएका प्रतिगामी तत्त्वहरू क्रान्तिकारी पार्टी र नेतृत्वप्रति जनतामा भ्रम छर्न अनर्गल, तथ्यहीन र भ्रामक कुप्रचारमा लागेका छन्।

यसकै पछिल्लो कडीका रूपमा अध्यक्ष कमरेड प्रचण्डको दुबई भ्रमणको विषयलाई लिएर केही कुत्सित मनशाय भएका व्यक्तिहरू उहाँको बदनाम गर्न उद्दत छन्।

दिवंगत कमरेड प्रकाश दाहालको नाममा दुबईको बैंकमा २१ अर्ब रूपैयाँ रहेको र त्यसलाई व्यवस्थापन गर्न अध्यक्ष प्रचण्ड दुबई गएको भन्ने उनीहरूको कुप्रचारको हाम्रो सचिवालय घोर भर्त्सना र खण्डन गर्दछ। यस प्रकारको दूराशयपूर्ण अभिव्यक्ति अग्रगामी परिवर्तनको नेतृत्वलाई जनतामा बदनाम गराउने प्रतिक्रान्तिकारीहरूको षडयन्त्रपूर्ण भ्रामक प्रचार मात्र हो।

कमरेड प्रकाशको नाममा विदेशको कुनै पनि बैंकमा खाता र पैसा रहेको प्रमाणित गर्न हामी चुनौती दिन्छौं। परिवर्तनविरोधी प्रतिगामी, प्रतिक्रान्तिकारी तत्त्वहरूका यस खालका कपोलकल्पित भ्रामक प्रचारबाट भ्रमित नहुन आम पार्टीपङ्क्ति एवं जनसमुदायमा हार्दिक अपिल गर्दछौं।

यस प्रकारका षडयन्त्रपूर्ण र झुटा प्रचार गर्ने तत्त्वहरूलाई आवश्यक कारबाहीका लागि सम्बन्धित सरकारी निकायसँग अनुरोध गर्दछौं।

२८ साउन, २०७६
जोखबहादुर महरा 'प्रताप'
प्रमुख स्वकीय सचिव
अध्यक्ष प्रचण्डको निजी सचिवालय

नेकपा...

पुऱ्याइयोस्।

२. एउटा व्यक्तिलाई धेरै जिम्मा दिंदा परिणाम प्रभावकारी नहुने र अरु आकांक्षीहरू जिम्मेवारीविहीन हुने गैरन्यायिक स्थितिबाट पार्टी र आन्दोलनलाई बचाउन 'एक व्यक्ति एक कार्यकारी पद-जिम्मेवारी' सहित पार्टी एकताका सबै काम टुंग्याइयोस् र पार्टी तथा जवस र विभागका सबै तहमा निर्देशिका जारी गरियोस्।

३. पुँजीको न्यायिक वितरणविना समाजवाद नहुने अर्थराजनीतिक मान्यताअनुरूप माटोलाई माया गर्ने संस्कृतिको विकास गर्दै उत्पादन, आत्मनिर्भरता, स्वाधिनता र समृद्धिसहितको वैज्ञानिक समाजवादउन्मूख ओरियन्टेसनमा जाने साहसिलो निर्णय गरियोस्।

साथै, हजारौं कार्यकर्ता, लाखौं समर्थक, झन्डै दुईतिहाइ मत दिएका जनता र आम नैपालीको मनोबल उठाउने गरी पार्टी कार्यक्रम सार्वजनिक गरियोस्।

फेरि दोहोंयाऊँ- अब पनि व्यक्तिवादी बन्ने, गुटको अहंकार गरेर अरुलाई निषेध गर्छु भनीठान्ने र अकर्मण्यतामा फसिरहने हो भने जनताको कडा सजाय भोग्नु पर्नेमा कुनै द्विविधा छैन।

त्रिशुलीमा...

र भतिजा सौरभ रौनियारको मृत्यु भएको प्रहरीले जनाएको छ। सो बसमा मलङ्गवाबाट ४० जना र सर्लाहीको हरिपुर नगरपालिकाबाट २ जना यात्रु चढेका थिए भने बसका चालक-सहचालक गरी ३ कर्मचारी रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

उक्त बसमा विष्णु गाउँपालिकाका खुश रञ्जन, कौडेना गाउँपालिकास्थित शिवनगरका मोहम्म मतलुङ, लक्ष्मीपुरका मनिष रायसहित दुई जना, कविलासी नगरपालिका अगर्वाका नवीनकुमार महतो, चक्रघटा गाउँपालिका बेल्हीका राकेश राउत, औरहीका रविकुमारसहित तीन जना, भारत मुज्जफरपुरका आशिष कुमारसहित दुई जना, मलङ्गवा नगरपालिका गम्हरियाका दिनेश ठाकुर, भारतका पर्सामोडका धीरेन्द्र शर्मा, भारतका अररियाका दिलीप दाससहित तीन जना, ब्रह्मपुरी गाउँपालिका, त्रिभुवनगरका राजनारायण रौनियारसहित चार जना, मलङ्गवाका सञ्जीव चौधरी, अरिवन्द सिंह, अनिष राय, भुपेन्द्र कुमार, रोहित शमिम, सुशील श्रीवास्तव, अनिल, मलङ्गवा गणेशियाका भाग्यनारायण महतोसहित तीन जना, भारतका लरकवाका रामबाबु यादवसहित तीन जना, भारतका कुवारीका अजय ठाकुरसहित दुई जना तथा हरिपुर नगरपालिकाका योगेन्द्र चौधरी र अमित लामा सवार रहेको प्रहरीले जनाएको छ।

बसका चालक लक्ष्मण जमकट्टेल, सहचालक प्रमोद चौधरी र कन्डक्टर ऋषि उप्रेती रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। दुर्घटनाग्रस्त बसबाट भुपेन्द्रकुमार यादव, अनिष राय, सुनिता रोकाया, शिखरकुमार महतो, राकेश बैठा, सञ्जय महतो, जहेन्दर ठाकुर, रोहितकुमार मण्डल, शमिमराजा अन्सारी, धीरेन्द्र ठाकुर, चालक लक्ष्मण जमरकट्टेल, विजय राय यादव, दिनेश

सहिद...

देशद्रोहको अभियोग लगाइएको हो। नेपालका चार शहीदमध्ये शास्त्रीलाई शहीद शिरोमणि भनेर चिन्ने गरिन्छ। शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठले नेपालमा गरेको बलिदानबाट विसं २००७ मा प्रजातन्त्र स्थापना भएको थियो।

कार्यक्रममा प्रदेशसभा सदस्य शोभा शाक्यले शहीदको मार्गदर्शनलाई सदैव सम्मान गर्दै अघि बढ्नुपर्ने बताए। उनले भने, 'सरकारसँग प्रदेश नं ३ का १३ जिल्लालाई पायक पर्ने गरी काभ्रेमा सदरमुकाम स्थापना गराउन पहल गरिरहेको छु।'

ललितपुर महानगरपालिका उपप्रमुख गीता सत्यालले नेपालका चार वीर शहीदको योगदानलाई कदर गर्दै अघि बढ्नुपर्ने बताए।

ललितपुर महानगरपालिका वडा नं १० का सचिव एकनारायण काफ्लेले शास्त्रीलगायत अन्य तीन महान शहीदप्रति सम्मान व्यक्त गर्दै अघि बढ्नुपर्नेमा जोड दिए।

शहीद स्मारक समितिका अध्यक्ष दुर्गाबहादुर श्रेष्ठले शास्त्री आर्य समाजका एक महान् प्रचारक रहेको जानकारी दिए।

राष्ट्रिय ज्येष्ठ नागरिक कोषका सभापति रामकृष्ण कर्माचार्यले वाग्मतीको पुलदेखि ललितपुर महानगरपालिका वडा नं ११ शास्त्रीको घरसम्मको बाटोलाई शुक्रराजमार्ग कार्यान्वयन गराउन महानगरपालिकालाई आग्रह गरे।

सिंहदरबार...

क्रान्ति गर्न सम्भव छ। काङ्ग्रेस जस्तो निम्छरो प्रतिपक्षी छ। यतिखेर नगरे कहिले गर्ने ? सुरक्षा क्षेत्रको सुधार केही गाह्रो हुन सक्छ। तर जनतामा लोकप्रिय काम गरेर लोकप्रियता हासिल गर्ने हो भने त्यो पनि सम्भव छ। अहिले अलोकप्रिय स्थिति हो। यस्तो अवस्थामा प्रतिरोध गर्छ उसले। पहिला लोकप्रिय हुने काम गरौं न। सर्वाधिक लोकप्रिय भएको बेला कसले के गर्न सक्छ ? विगतकै अनुभवहरूले पनि देखाउँछः सेनाको पनि केही लाग्दैन, विदेशी शक्तिको पनि केही लाग्दैन। त्यसैले छुटेका, बाँकी रहेका कामहरू गरिनु पर्यो। सत्य निरूपण तथा मेलमिलाप आयोगमा तत्काल शक्तिशाली सक्षम मान्छे राखेर त्यसलाई पूर्णता दिनु पर्यो। यसमा दुई पक्षकै (सेना र तत्कालीन माओवादी) नियत के छ भने कमजोर मान्छे परोस्। किनभने सेनालाई डर छः मैना सुनुवार प्रकरण बल्झेर आउँछ। खारा प्रकरण पनि बल्झेर आउँछ। गाउँका गाउँ जलाएको छ ती सबै बल्झेर आउन सक्छ र हामी हेग जानुपर्ने हुनसक्छ। जस्तो, केही वर्षअघि एक जना कर्णेल बेलायतमा पक्राउ परे। त्यो डर अहिले सेनालाई पनि छ। त्यस अर्थमा सेनाले यसलाई कसैले नचलाइदियोस् भन्ने छ। तत्कालीन माओवादीलाई पनि त्यो डर छ, ऊ पनि ढुक्क छैन। यतिखेर त उनीहरूकै सत्ता छ। विपक्षीलाई पनि तत्कालीन माओवादीले भन्न सक्छ, 'हामी यसलाई तत्काल टुङ्ग्याउन चाहन्छौं, तपाईंहरूको साथ चाहियो। एकमत भएर गरौं' भन्ने हो भने अहिले त्यो सुनौलो अवसर छ। चाहने हो भने पहिलाभन्दा कठिन अवश्य हुन्छ तर अवसर पूरै गुमिसकेको छैन। त्यस्तो भएन भने लामो समय बसेको द्वन्द्वको पीडाको घाउ क्यान्सर भएर निस्कने सम्भावना छ। समाजमा बदलाको भावना हुने, त्यसले हतियार समात्ने सम्भावना हुने, उनीहरूले त्यसलाई साथ दिने। नेताहरूको हत्या हुने, प्रचण्डकै हत्या हुनसक्छ। अरू थुप्रै नेताहरूको हत्या हुन सक्छ, कि त क्षमा मागेको हुनु पर्यो। यो कमजोर होस्, त्यो बेला यसलाई खेदौंला भन्ने पनि छन् नि ! यसैबाट मुलुकमा प्रतिक्रान्ति त भइहाल्दैन, त्यो अलोकप्रियताबाट हुन्छ। तर यो स्थिति लामो समयसम्म रहिरह्यो भने त्यसले हिंस्रक रूप पक्रन सक्छ र मुलुकलाई अराजकताको दिशातिर लैजान सक्छ। अहिले प्रचण्ड किन वरपर ३० जना मान्छे राखेर हिंड्नु परेको छ त ? कारण के ? त्यो त भयले हो। सङ्क्रमणकालीन न्यायलाई हल गरेको भए उनी निर्धक्क हिंड्न सक्थे। जनताले सुरक्षा दिन्थे नि !

प्रचण्ड आफैं डुबे भने कसले बचाउने ?

अहिले विदेशी शक्तिले नेपालको शान्ति प्रक्रिया के हुन्छ, कसो हुन्छ भनेर चासो दिएका छन्। यो नेपालको आन्तिरिक मामिला हो। उसको टाउको दुखाइ होइन। उनीहरू बलमिच्याइँ गरेर बोलेका छन्। उनीहरू बोल्न मिल्ने कुरा होइन। नेपालको सरकार अलोकप्रिय भएको बेला पारेर बोलिदिएका हुन्। त्यसमा हाम्रो परराष्ट्र मन्त्रालयले निर्धक्क जवाफ दिनुपर्थ्यो : 'यो तपाईंहरूको मामला होइन, हाम्रो मामला हो भनेर।' तर, सरकार कमजोर छ, त्यसरी दह्रोसँग भन्न सक्दैन। अर्कोतर्फ प्रचण्ड यति हल्काफुल्का छन् कि, कुनै कुरा पनि टुंगोमा पुऱ्याउने चरित्र देखिँदैन। न त शान्ति प्रक्रिया, न त सुधारका काम, न त सेना समायोजन, कुनै पनि काम टुंगोमा पुऱ्याउने चरित्र नहुनु भनेको अचम्मको कुरा हो। मौका आउँदा पनि गरेनन्। अहिले पनि मौका छ। तर उनी गम्भीर छैनन्। उनलाई गम्भीर बनाउने कसले ? एउटा गीत छ नि 'मझधारमे नैया डोले तो माझी उसे बचाए, माझी नाव डुबाए तो कौन बचाए।

अरूले डुबाए भने प्रचण्डले रियाक्ट गर्ने हो। प्रचण्ड आफै डुबे भने कसले बचाउने ? हामीले बचाएर त बच्दैनन्। अर्कोतर्फ जो पीडित छन्, उनीहरूले न्याय नपाउने हुनसक्छ। उनीहरूबाटै हतियार उठ्ने सम्भावना हुन्छ। कसैको घाँटी रेटेर हत्या गरेको छ। कसैको बाबु मारेको छ। कसैको घर जलाइदिएको छ। बाँदरमुडेको घटना स्थानीयले सहजै बिर्सन्छन् कहिल्यै ? बिर्सँदैनन् नि। त्यसलाई कसरी हो 'सेटल' गर्नु पर्यो। कि माफी माग्नु पर्छ, कि क्षतिपूर्ति दिनुपर्छ । यो सबै बेलामा नै गरिहाल्नुपर्ने काम हो।

अब प्रचण्ड नेल्सन मन्डेला बन्नुपर्छ अफ्रिकामा यहाँ जस्तो निर्मम तरिकाले मान्छे मारिएका थिएनन्। सकेसम्म मान्छे मारिँदैन नमारिऊन् भनेर निकै सावधानी अपनाइएको थियो। तर पनि कहीं न कहीं केही अत्याचार भएको थियो कि भनेर नेल्सन मन्डेलाले राष्ट्रका नाममा माफी मागेका थिए। मन्डेलाले भने 'यस्तो यस्तो गल्ती भयो, हामीले नचाहँदा नचाहँदै पनि गल्ती भयो, हामी क्षमा माग्छौं'। प्रचण्डको तहबाट क्षमायाचना माग्ने हो भने कसले क्षमा दिँदैनन् र ? कम्तिमा त्यसले पीडितको मनमा मल्हमको काम गर्थ्यो र युद्धको पीडा र घाउ त बाँकी रहँदैनन् नि त्यसपछि। हेगको डर पनि हुँदैन थियो। गर्न सकिने यी कामहरू गर्न पनि प्रचण्ड किन डराएका छन्, यो अचम्म लाग्छ। प्रचण्डले यो कुरा गर्नुपर्छ, अझै गर्न मिल्छ।

सेनाले गर्न चाहेन भने पनि आफ्नो भागको काम गर्ने तत्परता देखाउँने हो भने त्यस प्रक्रियामा घिसारिँदै सेना पनि आउँछ। (रातोपाटीबाट)

जैन पूर्णिमा र रक्षाबन्धनमा राष्ट्रपतिद्वारा शुभकामना

काठमाडौं । जैन पूर्णिमा र रक्षाबन्धनका अवसरमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र काठमाडौंले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओलीलगायतलाई पवित्रता र रक्षाको सूचक राखी लगाइदिएको छ।

राष्ट्रपति भवन शीतल निवासमा भएको कार्यक्रममा राष्ट्रपति भण्डारीले रक्षाबन्धनका अवसरमा सबैमा सुख, शान्ति र समृद्धिका लागि शुभकामना पनि व्यक्त गर्नुभयो। त्यस्तै प्रधानमन्त्री ओलीले विश्व शान्तिको आवश्यकतामा जोड दिँदै समाजमा व्यप्त घृणा, हिंसाजस्ता अनिष्ट समाप्त गर्ने केन्द्रको भूमिकाको प्रशंसा गर्नुभयो।

केन्द्रले सभामुख कृष्णबहादुर महरा, उपप्रधानमन्त्री ईश्वर पोखरेल र उपेन्द्र यादव, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्ट, कानून न्याय तथा, संसदीय मामिलामन्त्री भानुभक्त ढकाल, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डित, अर्थमन्त्री डा युवराज खतिवडा, पूर्वप्रधानमन्त्री, पूर्वमन्त्री एवं सुरक्षा अधिकारीलाई राखी लगाइदिएको छ ।

दलीय आरोप-प्रत्यारोपका खेलमैदान निर्माणकार्य अनिश्चित

काठमाडौं । सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र प्रमुख प्रतिपक्ष दल नेपाली काङ्ग्रेसबीच खेलमैदान निर्माणको विषयलाई लिएर विवाद चर्केको छ।

दुवै दलका रुन्टीगढी गाउँपालिकाले बेग्लाबेग्लै प्रेस विज्ञप्ति प्रकाशित गर्दै आरोप-प्रत्यारोपमा उत्रिएपछि विवाद सतहमै आएको हो।

तीन लाख लगानीमा पाँच नम्बर प्रदेश सरकारले निर्माण गर्न लागेको खेलमैदान प्रक्रिया पूरा नगरी निर्माण गर्न लागिएको आरोप लगाउँदै नेपाली काङ्ग्रेस रुन्टीगढी गाउँपालिका संयोजक जनक पुनले इलाका वन कार्यालय होलेरीमा उजुरी गरेपछि झनै विवाद चर्किएको हो।

उजुरीसँगै उक्त खेलमैदान निर्माणकार्य रोकिएको छ। गत साउन ६ गते उजुरी दर्ता गराएका पुनले निर्माणस्थल सामुदायिक वनको क्षेत्र पर्ने भएकाले ठूलो मात्रामा वन विनाशको सम्भावना रहनुका साथै पर्यवरणीय रूपमा समेत प्रभाव पर्ने भएकाले तत्काल निर्माणकार्य रोक्न माग गरेका हुन्।

निवेदनमा विकास निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन समेत हुनुपर्नेमा जोड दिँदै गाउँपालिकाले सो नगरी निर्माणकार्य अगाडि बढाएको उल्लेख गरिएको छ । यस पूर्व गाउँपालिकाको दुई स्थानमा खेलमैदान निर्माणको नाममा बजेट खर्च भइसकेकाले पुनः अर्को खेलमैदान बनाउनुको साटो पहिले बनेकालाई निरन्तरता दिनुपर्ने काङ्ग्रेसको दलील छ ।

यस्तै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) रुन्टीगढी गाउँपालिकाका अध्यक्ष आशाराम गुरूङद्वारा साउन १९ गते हस्ताक्षरित जारी विज्ञप्तिमा स्थानीय सरकार असफल पार्न नेपाली काङ्ग्रेस शुरुआतदेखि नै प्रयासरत रहेको आरोप लगाइएको छ।

नेकपाद्वारा विज्ञप्तिमा पारदर्शी ढङ्गले निर्माणकार्य सुरु गर्दा पनि काङ्ग्रेस किन अत्तालिएको भन्दै प्रश्न गरिएको छ। काङ्ग्रेसले खेलमैदान निर्माणकार्यमा गरेको अवरोधले प्रदेश सरकारको सशर्त अनुदानबाट प्राप्त बजेट फिर्ता गर्नुपर्ने अवस्था सिर्जना भएको विज्ञप्तिमा आरोप समेत लगाइएको छ ।

सार्वजनिक सूचनामार्फत प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनको काम थालिनुका साथै सरोकारवालाको सहभागितामा छलफल गरी निर्माणकार्य आरम्भ गरिएको विज्ञप्तिमा नेकपाले जिकिर गरेको छ ।

कोसेली मिडिया सपोर्ट प्रा.लि.का लागि प्रकाशक/प्रधान सम्पादक : केदारनाथ गौतम **कार्यकारी सम्पादक** : सानु राय (गौतम) **अतिथि सम्पादक** : शिव बस्नेत
कार्यालय : जोरपाटी, काठमाडौं **फोन** : ९८४९६००२०९ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं